# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ९५ | काठमाडौं | आइतबार, ११ साउन २०८२ | Prabhab National Daily | Sunday, 27 July 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


'कुलिङ पिरियड'मा गडबडी प्रकरण

## दाहालले उठाए प्रधानमन्त्री ओलीको नियतमा प्रश्न

### एमाले अध्यक्षसमेत रहेका ओलीमाथि छानबिन हुनुपर्ने माग

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले संघीय निजामती सेवा विधेयकमा 'कुलिङ पिरियड' अनधिकृत हेरफेर गरिएको प्रकरणमा प्रधानमन्त्री केपी शर्मा ओलीमाथि छानबिन आवश्यक रहेको बताएका छन् । उक्त प्रकरणबारे छानबिन चलिरहेकै बेला अध्यक्ष दाहालले एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीमाथि छानबिन हुनुपर्ने विषय उठाएका हुन् ।

छानबिन चलिरहँदा सत्ता नेतृत्व दल नेकपा एमाले आफैंले आफ्नो संलग्नता देखाएकोले उक्त दलका अध्यक्षमाथि छानबिन आवश्यक भएको उनको जिकिर छ । 'कुलिङ अफ पिरियड दुई वर्ष प्रतिनिधिसभाबाट सर्वसम्मत पारित भएको हो, तर अहिले सरकारको नेतृत्व गर्ने पार्टीले राष्ट्रिय सभामा संशोधन दर्ता गरेर दोहोरो चरित्र देखायो,' शनिबार राजधानीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै दाहालले भने, 'अहिले त्यो राख्न हुन्न भनेर बिरालोले अन्तिममा म्याउँ गरिछाड्यो भनेजस्तै एमालेले म्याउँ गरी नै हाल्यो ।'

प्रधानमन्त्री ओली कुलिङ पिरियडको विरोधी देखिन्छन् । त्यसैले उनको दल एमालेका सांसदहरूले राष्ट्रिय सभामा संशोधन प्रस्ताव दर्ता गरेका हुन् । त्यसप्रति दाहाल आक्रोशित देखिएका छन् । 'मैले संसदीय छानबिन समितिलाई भनेको छु, शंकाको सुई त पहिला पनि प्रधानमन्त्रीतिर सोझिएकै थियो तर ठोस रूपमा भन्ने आधार थिएन ।

> मैले संसदीय छानबिन समितिलाई भनेको छु, शंकाको सुई त पहिला पनि प्रधानमन्त्रीतिर सोझिएकै थियो तर ठोस रूपमा भन्ने आधार थिएन । अहिले एमालेका सांसदहरूले गरेको गतिविधिबाट र संशोधनबाट यो एमाले पार्टी र त्यसको नेतृत्वको नियतकै कारणले भएको प्रस्ट भयो ।
>
> ■ **पुष्पकमल दाहाल**
> अध्यक्ष, माओवादी केन्द्र

क्रमशः पृष्ठ २ मा

स्वार्थको द्वन्द्व व्यवस्थापन

## सार्वजनिक पदाधिकारीलाई कस्न नयाँ कानुनको प्रस्ताव

- सार्वजनिक पदाधिकारीलाई स्वार्थको द्वन्द्वबाट अलग पार्न छुट्टै कानुन बनाइँदै
- स्वार्थको द्वन्द्व देखिने कार्यले भ्रष्टाचार मौलाएको भन्दै यस्तो कार्य रोक्न नयाँ कानुन प्रस्ताव
- १४ पृष्ठको कानुनमा उपहार लेनदेन, विदेश भ्रमण आदि अस्वीकार्य
- सार्वजनिक पदाधिकारीले तत्काल वा भविष्यमा आफू वा अन्य कसैलाई कुनै किसिमको लाभ प्राप्त गर्ने मनसायले आफ्नो कार्यसम्पादन गर्न नपाइने
- अधिकारप्राप्त पदाधिकारीबाहेक अन्य कसैले पनि वैदेशिक सहायता, ऋण, प्राविधिक सहायता वा नगदी जिन्सी लिन वा लिनका निम्ति सिफारिस गर्न नपाइने




■ जेबी योञ्जन

**काठमाडौं–** ऊर्जा क्षेत्रका लगानीकर्ता दीपक खड्का वर्तमान मन्त्रिपरिषद्मा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री छन् । उनी स्वार्थको द्वन्द्व प्रस्ट देखिने मन्त्रालयको नेतृत्वमा छन् । त्यही भएर उनी मन्त्री भएदेखि नै आलोचना हुँदै आएको छ ।

विगतमा श्रममन्त्रीले वैदेशिक रोजगार व्यवसायीलाई राजदूत नियुक्ति गर्थे । निजी विद्यालय सञ्चालक रहेका सांसदलाई शिक्षा नीति बनाउने शिक्षा समिति सदस्य बनाइन्थ्यो । बैंकिङ र व्यावसायिक क्षेत्रका व्यक्ति अर्थ समिति सदस्य बनाइएको थियो ।

स्वार्थको द्वन्द्व देखिने यस्ता कार्यले भ्रष्टाचार मौलाएको भन्दै सरकारले यस्तो कार्य रोक्ने तयारी गरेको छ । सुशासनको क्षेत्रमा क्रियाशील अन्तर र्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलले पनि भ्रष्टाचारको मूल कारणको रूपमा हरेक वर्ष सार्वजनिक पदाधिकारीको स्वार्थको द्वन्द्वलाई नै औंल्याउँदै आएको छ । सोही कारण त्यसलाई नियन्त्रण गर्न सरकारले नयाँ कानुन प्रस्ताव गरेको छ ।

स्वार्थको द्वन्द्व व्यवस्थापन गर्ने सम्बन्धमा बनेको विधेयक नाम दिइएको १४ पृष्ठको प्रस्तावित मस्यौदा तयार पारेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले राय सुझावका निम्ति प्रस्तुत गरेको छ । त्यसमा सार्वजनिक पदाधिकारीहरूले के गर्न हुने ? के गर्न नहुने ? भनेर उल्लेख गरिनुका साथै नियम उल्लंघन गरेमा हुने कारबाहीसमेत राखिएको छ ।



> भ्रष्टाचार बढ्यो भनेर नागरिक असन्तुष्ट छन् । त्यही भएर भ्रष्टाचार नियन्त्रण गर्न स्वार्थको द्वन्द्व झल्किने ठाउँमा सार्वजनिक पदाधिकारीलाई जिम्मेवारी दिनु हुँदैन । त्यसो गर्दा भ्रष्टाचार नियन्त्रणमा सघाउ पुग्छ ।
>
> ■ **गोपीनाथ मैनाली**
> पूर्वसचिव

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको एक वर्ष

## आठ हजार श्रमिकलाई अभिमुखीकरण तालिम, १९ वटा पाठ्यक्रम स्वीकृत

- सीपको अन्तर्राष्ट्रिय प्रमाणीकरणका लागि चारवटा संस्थासँग सम्झौतापत्रमा हस्ताक्षर
- महोत्तरीको बलवामा आधुनिक ल्यावसहितको आवासीय सीप तालिम केन्द्र स्थापना
- परम्परागत सीप तथा पेसा अपनाएका ५०० जनालाई उद्यमशीलता तालिम प्रदान गरी स्वरोजगार बन्न सहयोग गरिने

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले गत आर्थिक वर्ष २०८१/८२ मा दक्षिण कोरिया, इजरायल र बेलायतमा जाने आठ हजारभन्दा बढी श्रमिकलाई पूर्वप्रस्थान अभिमुखीकरण तालिम दिएको छ । जिटुजी प्रणालीमार्फत यी मुलुक गएका आठ हजार ३२२ जना श्रमिकलाई तालिम प्रदान गरिएको प्रतिष्ठानले जानकारी दिइएको हो ।

प्रतिष्ठानले वैदेशिक रोजगारीमा जाने युवाहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसारको सीप विकास गराएर उनीहरूलाई मर्यादित रोजगारीको पहुँचमा पुऱ्याउने काम गर्दै आएको छ । गत आवमा सीपको अन्तर्राष्ट्रिय प्रमाणीकरणका लागि चारवटा संस्थासँग सम्झौतापत्रमा हस्ताक्षर गरेको जनाएको छ । प्रतिष्ठानले पाठ्यक्रम निर्माण कार्यविधिको मस्यौदा तयार गरी समितिसमक्ष पेस गर्ने तयारी भएकोसमेत जनाएको छ ।

श्रमबजारको मागअनुरूप निर्माण गरिएका १९ वटा सीपमूलक तालिमको पाठ्यक्रम गत वर्ष स्वीकृत भएको उक्त कार्यक्रममा जानकारी दिइएको थियो । स्वदेश तथा वैदेशिक रोजगारीका लागि आउने श्रमिकको मागलाई सम्बोधन गर्नेगरी पाठ्यक्रम तयार गरिएको प्रतिष्ठानको भनाइ छ । उक्त पाठ्यक्रममा होटल टेक्निसियन, गार्मेन्ट मेसिन अपरेटर, मेसन, स्काभेटर अपरेटर, सहायक ब्युटिसियन, वेटर र वेट्रेस, विद्युतीय सवारी मर्मत प्राविधिक, वेल्डर, बारिस्टा, सुन गाल्ने खार्ने कालिगढ, प्लम्बिङ, केयर गिभर, फुटवयर लास्टिङ एण्ड पेस्टिङ, ल्यापटप मर्मत इलेक्ट्रिसियनलगायत सीपहरू समावेश छन् ।

प्रतिष्ठानले महोत्तरीको बलवामा आधुनिक ल्यावसहितको आवासीय सीप तालिम केन्द्र स्थापना गर्न एक विघा १५ कट्ठा जग्गा प्राप्त भइसकेको जानकारी दिएको छ । यसका लागि चालु आव २०८२/८३ मा १३ करोड २७ लाख रूपैयाँ अनुदानबाट भवन निर्माणको काम सुरु गर्ने तयारी रहेको जनाइएको छ । युवाहरू सीप र ज्ञानविनै वैदेशिक रोजगारीमा गइरहेको अवस्थामा दक्ष, सीपयुक्त जनशक्ति उत्पादनमा उक्त तालिम केन्द्रले महत्त्वपूर्ण भूमिका खेल्ने जनाइएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा तालिम केन्द्र बन्ने जनाइएको छ ।

वैदेशिक रोजगारीमा जानेलाई सीपयुक्त तालिम दिनुका साथै आन्तरिक रोजगारी सिर्जना गरी बेरोजगारी समस्या न्यूनीकरणमासमेत प्रतिष्ठानले योगदान दिँदै आएको छ ।

क्रमशः पृष्ठ २ मा







तराई-मधेसका विपद् संकटग्रस्त क्षेत्र

# गृहमन्त्री लेखकले गरे जनप्रतिनिधि र प्रजिअसँग छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं–** गृहमन्त्री रमेश लेखकले विपद् संकटग्रस्त क्षेत्र घोषित तराई-मधेसका स्थानीय तहका प्रमुख/अध्यक्ष र प्रमुख जिल्ला अधिकारीहरूसँग छलफल गरेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा शनिबार 'भर्चुअल' रूपमा आयोजित समन्वयात्मक बैठकमा उनले नागरिकको पीडामा सरकार गम्भीर भन्दै गृह मन्त्रालयको प्रस्तावमा मधेस प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको जानकारी दिए ।

मन्त्री लेखकले खानेपानी र सिँचाइको समस्याग्रस्त स्थानका साथै प्राथमिकताका आधारमा डिप टचुववेल र डिप बोरिङ जडान गर्ने स्थानको पहिचान गर्ने कार्यका लागि समन्वय र सहजीकरण गर्न प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिए । उनले पानीको स्रोत नभएका वा स्रोत सुकेका स्थानमा टचांकरबाट पानी वितरणलाई निरन्तरता दिनुपर्ने भन्दै यसका लागि सुरक्षा निकायसहित निजी क्षेत्रका टचांकरकोसमेत उपयोग गर्न निर्देशन दिए ।

गृहमन्त्री लेखकले भने, 'सरकारी कार्यालय, विद्यालय, अस्पताल, गैरसरकारी संस्थाका कार्यालयमा पानीको स्रोत रहेको छ भने पानी खानका लागि तिनको पनि उपयोग गरियोस् । संकटको अवस्थाको फाइदा उठाएर कसैले 'कार्टेलिङ' र कालोबजारी गर्नसक्ने भएकाले सख्त अनुगमन गर्न पनि आवश्यक छ । यसमा ध्यान दिनुहोला ।'

बैठकका अध्यक्ष एवं प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले प्राधिकरणले राष्ट्रसंघीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र रेडक्रसलाई आफ्ना कार्यक्रम हालेको आवश्यकताअनुसार परिमार्जन गरी मधेसमा केन्द्रित गर्न अनुरोध गरिसकेको जानकारी दिए ।

बैठकमा मधेस प्रदेशलगायत सुक्खाग्रस्त जिल्लाका स्थानीय तहका प्रमुख एवं अध्यक्ष र प्रमुख जिल्ला अधिकारीहरूले आफ्ना स्थानीय तह एवं जिल्लाको अवस्थासहित समस्या समाधान गर्न भइरहेका पहलबारे जानकारी गराए ।

मन्त्रिपरिषद्ले यही साउन ८ गते मधेसलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । यसअघि, पानीको स्रोत तथा मुहान सुकी खानेपानी तथा सिँचाइ कार्यमा समस्या उत्पन्न भएपश्चात् असार २६ गते मधेस प्रदेश सरकारले प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो ।

पृष्ठ १ बाट क्रमशः

## सार्वजनिक...

प्रधानमन्त्री कार्यालयका सचिव फणिन्द्र गौतमले प्रभावलाई बताएअनुसार प्रस्तावित मस्यौदामार्फत सरकारले छरिएर रहेका कानुनहरूलाई एकीकृत बनाउँदै सार्वजनिक पदाधिकारीका लागि स्वार्थको द्वन्द्वको व्यवस्थापन गर्ने विषयलाई प्राथमिकता दिएको छ । प्रस्तावित कानुनले सार्वजनिक पदाधिकारी भनेर विधायिकी, कार्यकारिणी, न्यायिक वा प्रशासनिक पदमा पारिश्रमिक पाउने वा नपाउने गरी स्थायी वा अस्थायी वा अन्य कुनै किसिमले नियुक्त, मनोनीत वा निर्वाचित भएको व्यक्तिसमेतलाई भनेको छ ।

यस्तो प्रावधान उल्लिखित नयाँ कानुनमा २३ वटा दफा छन् । यसमा उपहार लेनदेनलाई अस्वीकार गरिएको छ । प्रस्तावको दफा ५ मा सार्वजनिक पदाधिकारीले आफू पदमा रहँदाका बखत कसैबाट कुनै किसिमको उपहार लिन नहुने, यदि पदीय हैसियतमा उपहार प्राप्त गरेको रहेछ भने आफू कार्यरत सार्वजनिक निकायमा दाखिला गर्नुपर्ने भनिएको छ ।

दाखिला नगरेमा उपहार जफत हुने तथा उपहारबराबरको रकम जरिवाना गरिने जनाइएको छ । तर, निश्चित मूल्यसम्मको उपहार राख्न पाउनेगरी सरकारले निर्धारण गर्न सक्ने प्रावधान पनि छ । यसबाहेक विदेशी सहयोग र भेटघाटलाई नियन्त्रण गर्नेगरी कानुन आएको छ । प्रस्तावको दफा ९ मा अधिकारप्राप्त पदाधिकारीबाहेक अन्य कसैले पनि वैदेशिक सहायता, ऋण, प्राविधिक सहायता वा नगदी जिन्सी लिन वा लिनका निम्ति सिफारिस गर्न नपाइने उल्लेख छ ।

दफा १० मा सार्वजनिक पदाधिकारीले तत्काल वा भविष्यमा आफू वा अन्य कसैलाई कुनै किसिमको लाभ प्राप्त गर्ने मनसायले आफ्नो कार्यसम्पादनबारे प्रत्यक्ष वा अप्रत्यक्षरूपमा विदेशी सरकारी, गैरसरकारी वा सार्वजनिक पदाधिकारीसँग अनधिकृत पत्राचार वा भेटघाट गर्न नहुने भनिएको छ । आफ्नो पदीय हैसियत वा आफू संलग्न सार्वजनिक निकायले गर्नुपर्ने काम वा जिम्मेवारीमा आफ्नो निजी स्वार्थ भएमा सोको लिखित जानकारी आफू नियुक्त, पदस्थापन भएको सात दिनभित्र दिनुपर्ने भनिएको छ । यससम्बन्धी प्रावधान दफा ४ मा छ ।

तर, त्यस्तो जानकारी नदिइकन प्रक्रियामा संलग्न भएमा त्यस्ता निर्णय स्वतः बदर हुने भनिएको छ । यसबाहेक दफा १५ अनुसार राष्ट्रपतिदेखि लिएर प्रधानमन्त्री, मन्त्री, प्रदेशका मुख्यमन्त्री तथा मन्त्री, सचिव, सहसचिव, गाउँपालिकाका प्रमुखसम्मले आफू नियुक्त, मनोनयन वा निर्वाचित भएको ३० दिनभित्र र प्रत्येक आर्थिक वर्षको ६० दिनभित्र निश्चित विवरण सार्वजनिक गरी आफू कार्यरत निकायमा पेस गर्नुपर्ने प्रावधान राखिएको छ । ती विवरणमा विस्तृत पारिवारिक, व्यावसायिक तथा सम्पत्ति विवरण पर्छन् । लगानी, स्वामित्वका साथसाथै कसैलाई एकलाख रूपैयाँभन्दा धेरै चन्दा दिएकोसमेत त्यसमा खुलाउनुपर्ने छ ।

यति गरे भ्रष्टाचार नियन्त्रणउन्मुख हुने सरकारको विश्वास छ । तथ्यांकलाई हेर्दा नेपालमा हरेक वर्ष भ्रष्टाचार बढ्दो छ । ट्रान्स्परेन्सी इन्टर नेसनलले प्रकाशन गरेको भ्रष्टाचारको अवधारणा सूचकांकमा नेपालले १०० मा ३४ अंक प्राप्त गर्‍यो । यो भनेको नेपाल थप भ्रष्ट देश भएको प्रस्टिन्छ । जबकि, गत वर्ष दक्षिण एसियाली राष्ट्रहरूमध्ये भुटानले ७२ र भारतले ३८ अंक प्राप्त गरेका थिए । श्रीलंकाले ३२, पाकिस्तानले २७, बंगलादेशकले २३ र अफगानिस्तानले १७ अंक प्राप्त गरेका थिए । पूर्वसचिव गोपीनाथ मैनालीका अनुसार स्वार्थको द्वन्द्वसम्बन्धी नयाँ कानुनले नेपालको भ्रष्टाचार सूचकांकमा सुधार्न मद्दत पुर्‍याउँछ ।

'भ्रष्टाचार बढ्यो भनेर नागरिक असन्तुष्ट छन् । त्यही भएर भ्रष्टाचार नियन्त्रण गर्न स्वार्थको द्वन्द्व झल्किने ठाउँमा सार्वजनिक पदाधिकारीलाई जिम्मेवारी दिनु हुँदैन । त्यसो गर्दा भ्रष्टाचार नियन्त्रणमा सघाउ पुग्छ,' मैनालीले भने ।

■■■

## दाहालले ...

अहिले एमालेका सांसदहरूले गरेको गतिविधिबाट र संशोधनबाट यो एमाले पार्टी र त्यसको नेतृत्वको नियतकै कारणले भएको प्रस्ट भयो,' उनले भने । उसो त यसअघि अनधिकृत हेरफेरले 'कुलिङ पिरियड'को प्रावधान कमजोर बनाएपछि सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले निजामती सेवा विधेयक गत १८ असारमा राष्ट्रिय सभामा पेस गर्दै भनेका थिए, 'राष्ट्रिय सभालाई प्रतिनिधिसभाको गल्ती सच्याउने आँट र हिम्मत मिलोस् ।'

मन्त्री गुरुङले निजामती सेवामा सुधारका निम्ति कुलिङ पिरियडको व्यवस्था ल्याइएको तर दुर्घटना भएको बताएका थिए । तर, उनको दल एमालेका राष्ट्रिय सभा सदस्यहरू कुलिङ पिरियडमा भएको अनधिकृत हेरफेरलाई सच्याउने पक्षमा देखिएका छैनन् ।

प्रतिनिधिसभामा भने कतिपय एमाले सांसदले कुलिङ पिरियडमा षडयन्त्र भएको भन्दै छानबिन गर्न माग गरेका थिए । एमाले उपमहासचिवसमेत रहेका सञ्चारमन्त्री गुरुङ नै कुलिङ पिरियडबारेको प्रावधानमा भएको हेरफेर सच्याउनुपर्ने बताउँथे । यद्यपि, राष्ट्रिय सभामा भने एमालेको बोली फेरियो । कुलिङ पिरियड सरकारी कर्मचारीले अवकाशपछि कति समयसम्म अर्को नियुक्ति नलिने भन्ने व्यवस्था हो ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित विधेयकमा नेपाल सरकारको सचिव र सहसचिवबाट अवकाश लिएको मितिले दुई वर्षसम्म सरकारकै पूर्वस्वीकृति नलिई संवैधानिक, कूटनीतिक वा अन्य नियुक्ति लिन नपाउने प्रावधान छ । तर, प्रतिनिधिसभाबाट पारित गरिँदा यही प्रावधानलाई खण्डित गर्ने शब्द विधेयकमा घुसाइएको पाइएपछि त्यसको छानबिन गर्न संसदीय विशेष छानबिन समिति बनेको छ । नेपाली कांग्रेसका सांसद जीवन परियारको सभापतित्वमा गठित छानबिन समितिले अध्ययन गरिरहेको छ । समितिले छानबिन गरिरहेकै बेला प्रधानमन्त्री ओलीमाथि दाहालले कुलिङ पिरियड प्रकरणमा छानबिनको माग गरेका हुन् ।

छानबिन समितिमा कांग्रेस सचेतक रहेकी सांसद सुशीला थिङ, एमाले सांसदहरू ईश्वरी घर्ती र नारायणप्रसाद आचार्य, माओवादीबाट माधवप्रसाद सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट गणेश पराजुली र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट रोशन कार्की सदस्य छन् । समितिलाई छानबिन गरी प्रतिवेदन बुझाउने समयसीमा २१ दिनको दिएकोमा हालै थपिएको छ ।

समितिको पहिलो कार्यादेशमा छ, 'संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट सभामा पेस भएको प्रतिवेदनमा मूल विधेयकको दफा ८२ मा उपदफा (४) थपिएकोमा उपदफा (५) मा रहेको व्यवस्थाले गर्दा कानुनी तादम्य नदेखिएको हुँदा के कति कारणले यस्तो हुन गएको हो सो सम्बन्धमा छानबिन गर्ने ।'

■■■

## आठ हजार...

गत आवमा कार्यस्थलमा आधारित तालिम सञ्चालन कार्यविधि समितिबाट स्वीकृत भई मन्त्रालयमा पेस गरिएको, आन्तरिक रोजगारी व्यवस्थापनका लागि सीप विकास गर्न नौ वटा रोजगारदाता संघ र महासंघहरूसँग समझदारीपत्रमा हस्ताक्षर गरिएको, प्रतिष्ठानको नियमावली समितिबाट स्वीकृति भई मन्त्रालयमा पेस गरिएको, सीप परीक्षण र प्रमाणीकरण विनियमावलीको मस्यौदा तयार गरी समितिसमक्ष पेस गर्ने तयारी भएकोजस्ता नीतिगत कामहरू भएको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानका अनुसार सो अवधिमा सीप र रोजगारी क्षेत्रमा कार्यरत कर्मचारी, प्रशिक्षक तथा जनशक्ति ७७ जनालाई सामान्य, उद्यमशीलता, अनुगमन तथा मूल्यांकन विषयमा प्रशिक्षक प्रशिक्षण प्रदान गरिएको छ । प्रतिष्ठान र केन्द्रबाट पाँच हजार ३०० जनालाई विभिन्न विषयमा सीपमूलक तथा सीप अभिवृद्धि तालिम प्रदान गरिनुका साथै तालिम सम्पन्न गरेका ३४९ जनाको सीप परीक्षण गरिएको छ ।

प्रतिष्ठानले चालु आवका योजनाको विषयमा पनि जानकारी गराएको छ । जसअनुसार आन्तरिक रोजगारी सिर्जना गर्न १० वटा रोजगारदातासँग गरिएको समझदारीअनुरूप ८६० जनालाई कार्यस्थलमा आधारित तालिम दिइने योजना छ । तालिम लिएकाहरूको रोजगारीको सुनिश्चितता गर्नेसमेत जनाइएको छ । साथै, परम्परागत सीप तथा पेसा अपनाएका ५०० जनालाई उद्यमशीलता तालिम प्रदान गरी स्वरोजगार बन्न सहयोग गर्ने, आगामी वर्ष प्रतिष्ठान र केन्द्रबाट पाँच हजार ७६० जनालाई सीपमूलक र सीप अभिवृद्धि तालिम प्रदान गर्नेलगायत लक्ष्य लिइएको प्रतिष्ठानको दाबी छ ।


### सच्याइएको सूचना

मिति २०८२/०४/०८ गते यस प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित **श्री तामाखे सामुदायिक वन उपभोक्त समूह** माई न.पा.७ ईलामको २१ दिने काठ/दाउरा लिलाम बिक्रीको सूचनामा लट नं.२ र ३ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

**मेदाम्सु सामुदायिक वन उपभोक्ता समूह**
**बेथानचोक गाउँपालिका वडा नम्बर–६ र काठमाडौं विश्वविद्यालय (केयु एच. एस.) काभ्रेपलाञ्चोक**

**काठ दाउराको शिलबन्दी बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

*प्रकाशित मिति २०८२/०४/११ गते*

यस मेदाम्सु सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रमा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम कटान गरिएको ठिम्रे सल्ला जातको गोलिया थान ५२० को परिमाण ३४९०.८६ क्यूफिट काठ र दाउरा ३.१ चट्टा उत्पादन भई गैरीभन्ज्याङ भन्ने स्थानमा घाटगद्धी गरी राखेको काठ दाउरा तथा काठमाडौ विश्वविद्यालय (केयु एच एस) परिसरमा रहेको २०८१ असोज १० देखि १२ मा आएको बाढी पहिरो र हावाहुरीबाट ढलेका रुखहरू संकलन गरी स्कुल परिसरभित्र राखीएको खोटे सल्ला जातको गोलिया १४७ को परिमाण ४२३.८१ क्युफिट काठ समेत जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

सम्बन्धित निकायमा सुचिकृत इच्छुक संघ संस्था, फर्म वा कम्पनीले यस सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय**
**सम्पर्क**
जयबहादुर वाइबा (अध्यक्ष)
९८५१३१३१०८

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०६/२३ मा दर्ता भएको **प्रा. लि. नं. २४४६६६** को श्री **कालेम्पोङ्ग प्रोडक्सन प्रा. लि.** को मिति २०८१/०३/१९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७४/११/२३ मा दर्ता भएको श्री **एस.पि.टि. कन्स्ट्रक्सन प्रा. लि. (प्रा. लि. नं. १८५२६३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**बुढाथोकी एग्रो फेमिली फार्म प्रा.लि. द्वारा सार्वजनिक सूचना**

**सार्वजनिक सूचना प्रकाशन मितिः २०८२/०४/११**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | बुढाथोकी एग्रो फेमिली फार्म प्रा.लि, काभ्रेपलान्चोक जिल्ला भुम्लु गाउपालिका ९ फोन न. ०१-४२७७४३५, इमेलः info@budhathokics.com |
| **प्रस्तावकको व्यहोरा** | काभ्रेपलान्चोक जिल्ला भुम्लु गाउपालिका ९ कित्ता न. ११४३,११३८,१४१९,१३०५, १३११,१४४२,१४७८ को १३२९२.५५ वर्ग मी क्षेत्रफलमा पशुपन्छी पालन बधशाला ह्याचरी संचालन गर्ने र साथै मासुजन्य समानहरु उत्पादन गर्ने र दाना उत्पादन उधेश्यले एग्रो फार्म स्थापना गर्न लागिएको हो |
| **प्रभाव पर्न सक्ने गा.पा.** | भुम्लु गाउँपालिका वडा न. ९ भुम्लु गाउँपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि एकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा सस्थाको लिखित राय सुझाब लिन आवस्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाब उपलब्ध गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | बुढाथोकी एग्रो फेमिली फार्म प्रा.लि, नागार्जुन न.पा. ०४, सितापाइला काभ्रेपलान्चोक जिल्ला भुम्लु गाउँपालिका ९ फोन नं. ०१-४२७७४३५, इमेलः info@budhathokics.com |
| **परामर्शदाताको नाम र ठेगाना** | ग्रीन ग्लोब इन्टरनेसनल प्रा.लि, कोटेश्वोर-३२ काठमाडौँ इमेलः info.greenglobes@gmail.com, फोन नं. ०१-५१४९१११ |


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

आइतबार, ११ साउन, २०८२

| | |
|---|---|
| **मेष** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **वृष** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **मिथुन** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **कर्कट** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **सिंह** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| **कन्या** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **तुला** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **वृश्चिक** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **धनु** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **मकर** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कुम्भ** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **मीन** | रोकिएका कम बन्ने नयाँ योजना । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ साउन , २०८२ (२७ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.७८ | १३८.३८ |
| युरो | १ को | १६०.६७ | १६१.३७ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.५३ | १८६.३४ |
| स्विस फ्रैन्क | १ को | १७२.३४ | १७३.०९ |
| अस्ट्रेलियन डलर | १ को | ८९.८० | ९०.१९ |
| क्यानाडियन डलर | १ को | १००.५१ | १००.९५ |
| सिङ्गापुर डलर | १ को | १०७.४८ | १०७.९४ |
| जापानी येन | १० को | ९.३३ | ९.३७ |
| चिनियाँ युआन | १ को | १९.२० | १९.२८ |
| साउदी अरब रियाल | १ को | ३६.७३ | ३६.८९ |
| कतारी रियाल | १ को | ३७.८० | ३७.९६ |
| थाई भाट | ख १ को | ४.२६ | ४.२८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.५१ | ३७.६८ |
| मलेसियन रिङेट | १ को | ३२.५३ | ३२.६७ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १४.३३ | १४.३९ |
| डेनिस क्रोनर | १ को | २१.५२ | २१.६२ |
| हङकङ डलर | १ को | १७.५५ | १७.६३ |
| कुवेती दिनार | १ को | ४५१.०७ | ४५३.०४ |
| बहराइन दिनार | १ को | ३६५.४६ | ३६७.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# पारावत् महाविहार संरक्षण समाजलाई प्राचीन सम्पदा हस्तान्तरण



**काठमाडौं–** राष्ट्रिय संग्रहालयले अमेरिकाबाट फिर्ता ल्याइएका तीनवटा प्राचीन सम्पदा (कलाकृति) शनिबार पुनःस्थापनाका लागि इतुम्बहालस्थित भाष्करदेव संस्कारित केशचन्द्रकृत पारावत् महाविहार संरक्षण समाजलाई हस्तान्तरण गरेको छ ।

उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह, संग्रहालय प्रमुख अरुणा नकर्मीले महाविहार संरक्षण समाजलाई ती प्राचीन कलाकृति हस्तान्तरण गरेका हुन् । हस्तान्तरणअघि संग्रहालय प्रमुख नकर्मी र समाजका अध्यक्ष प्रज्ञारत्न शाक्य, उपाध्यक्ष रमेशमान शाक्य, सचिव रत्नसम्भव शाक्य र काठमाडौं महानगरपालिका-२४ का सदस्य रत्नाकर बज्राचार्यले हस्तान्तरणसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

यसरी फिर्ता गरिएका कलाकृति (थाङ्का) मा ३०० वर्ष पुरानो चिन्तामणि लोकेश्वर, ५७५ वर्ष पुरानो गगनसिंह भारोया र उनकी पत्नीसहितको थाङ्का (पौभा) र ३२१ वर्ष पुरानो केशचन्द्रसहितको भैरव रहेका छन् । यो कलाकृति २०३७ साल भदौ २९ गते चोरी भएको थियो । चोरिएको कलाकृति अमेरिका पुऱ्याइएको पत्ता लागेपछि आवश्यक समन्वय गरी फिर्ता ल्याइएको हो ।

उक्त कलाकृति ४५ वर्षपछि गत फागुन १९ गते नेपाल ल्याएर राष्ट्रिय संग्रहालयमा राखिएको थियो । आज सोही कलाकृति उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहको उपस्थितिमा महाविहार संरक्षण समाजलाई हस्तान्तरण गरिएको हो । वि.सं. २०३७ अघिसम्म गुँलापर्वका बेला १५ दिनसम्म यस महाविहारमा उक्त कलाकृति प्रदर्शन गरिन्थ्यो ।

अमेरिकाको नेवाः गुठीका अध्यक्ष विजयमान सिंह तथा पुरातत्त्व विभागसँगको समन्वयमा उक्त पौभा चित्र फिर्ता ल्याइएको जनाइएको छ । कलाप्रेमी स्टेफन एककार्डले सिकागोस्थित आर्ट इन्स्टिच्युट अफ सिकागोमा यी पौभाः प्रदर्शनीमा राखेको देखेपछि उनले नै यहाँ जानकारी दिएका थिए । सोही आधारमा ती पौभाः चोरी भएर सिकागो पुगेको सन् २००३ मा पुष्टि भएकामा दुई दशक लामो प्रयासबाट नेपाल फिर्ता ल्याउन सफल भइएको संग्रहालयले जनाएको छ ।

कलाकृति हस्तान्तरण गर्दै उपप्रधानमन्त्री सिंहले नेपालका प्राचीन कलाकृति फिर्ता ल्याउन प्रयास गर्ने सबैलाई धन्यवाद दिँदै अब तिनको संरक्षणमा ध्यान दिन आग्रह गरे । बागमती प्रदेशसभा सदस्य शैलेन्द्रमान बज्राचार्यले तीनै तहका सरकार सम्पदा संरक्षणमा लाग्नुपर्नेमा जोड दिँदै यस्ता सम्पदाले भावी पुस्तालाई इतिहास बुझाउन सहयोग पुग्ने धारणा राखे ।

काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले अभियन्ता विजय सिंहलगायतका सहयोगमा सम्पदा फर्काउन सफल भएकामा खुसी व्यक्त गर्दै तिनको संरक्षणमा महानगरबाट आवश्यक सहयोग रहने प्रतिबद्धता जनाइन् । संरक्षण समाजका अध्यक्ष शाक्यले महाविहारमा आफ्नै संग्रहालय स्थापना गरी प्राकृतिक कलाकृति सुरक्षित राख्ने व्यवस्था मिलाइएको जानकारी दिए । उनले पटक-पटकको प्रयासमा कलाकृति फिर्ता ल्याउन सफल भएको र आज पुरानै ठाउँमा पुनःस्थापना गर्न पाउँदा गर्व महसुस भएको बताए ।

राष्ट्रिय संग्रहालय प्रमुख नकर्मीले फिर्ता आएका कलालाई पुनःस्थापना गर्न पाउनु सुखद भएको र अब प्राचीन सम्पदाको उचित संरक्षण हुने विश्वास व्यक्त गरे । *रासस*



**शिवलिंग र महादेवको मूर्ति** | काठमाडौंको चन्द्रागिरि नगरपालिका-५ भूजिङडोलमा स्थापना गरिएको १०८ शिवलिंग र नागसहित विश्रामेश्वर महादेवको मूर्ति । *तस्बिरः रासस*

# सुक्खा आँखाको समस्या बढ्दो

**काठमाडौं (प्रस)–** तिलगंगा आँखा अस्पतालकी 'रिफर्याक्टिभ सर्जरी युनिटकी विभागीय प्रमुख आँखा रोग विशेषज्ञ डा. वन्दना खनालले हालको जीवनशैली, वातावरणीय असर र प्रविधिको अत्यधिक प्रयोगका कारण सुक्खा आँखाको समस्या दिनप्रतिदिन बढ्दै गएको बताएकी छन् ।

आँखा पोल्ने, बिझाउने, रातो हुने, धमिलो भएजस्तो महसुस हुने समस्या भोग्नुभएको छ भने सुक्खा आँखाको समस्या हुनसक्ने भन्दै सावधानी अपनाउन विज्ञहरूले सुझाव दिएका छन् । उनका अनुसार सुक्खा आँखा भन्नाले आँखामा आँसुको मात्रा पर्याप्त नहुनु वा भएको आँसु छिटो वाष्प भएर हराउनु भन्ने बुझिन्छ । यस्तो अवस्थामा आँखामा पोल्ने, बालुवा परेको जस्तो बिझाउने, चिलाउने, रातो हुने र धमिलो देखिने लक्षण देखापर्न सक्छन् ।

'धुवाँ, धुलो, प्रदूषण, एसी र फ्यानमा लामो समय बस्दा पनि सुक्खा आँखाको सम्भावना बढ्छ । यसैगरी, धूमपान गर्नेलाई पनि यो समस्याले सताउन सक्छ । मोबाइल, कम्प्युटर, ल्यापटपजस्ता प्रविधिको अत्यधिक प्रयोग गर्दा आँखा झिम्क्याउने दर कम हुन्छ, जसले आँसु छिटो सुकाउँछ,' डा खनालले भनिन् ।

उनले मोबाइल, कम्प्युटर, ल्यापटपको प्रयोग गर्दा हरेक २०-२५ मिनेटमा रोकिएर ('ब्रेक' लिएर), केहीबेर टाढा हेर्ने र कम्तीमा २०-२५ पटक आँखा झिम्क्याउने बानी बसाल्न सुझाव दिए । उनले भनिन्, 'मोबाइलमा गेम खेल्दा एकदमै ध्यान एकत्रित हुँदा आँखा झिम्क्याउन बिर्सिरहेका हुन्छौं । आँखामा बढी तनाव पर्ने काम गर्‍यौं र लामो समयसम्म आँखा झिम्क्याउन बिर्सियौं भने हाम्रो आँखा सुक्खा हुन्छ । त्यसैले ब्रेक लिनुपर्छ ।'

समस्या देखिएमा 'लुब्रिकेटिङ' आँखा 'ड्रप्स'को प्रयोग गर्न सकिन्छ । यो समस्या लिएर आउने अधिकांश बिरामी सामान्यदेखि मध्यम लक्षणसहित आउने डा. खनालको भनाइ छ । कहिलेकाहीँ सुक्खा आँखा शरीरका अन्य रोगजस्तै बाथरोग, थाइराइड समस्या वा केही प्रकारका 'हर्मोन सप्लिमेन्ट'का कारण पनि हुन सक्ने भएकाले यस्तो अवस्थामा केवल ड्रप्स प्रयोग पर्याप्त नहुने बताउँदै उनले विशेषज्ञ चिकित्सकसँग परामर्श लिन आवश्यक हुने डा. खनालले उल्लेख गरिन् ।

'सुक्खा आँखा देखिएपछि आत्तिनु पर्दैन तर लापरवाही गर्नु हुँदैन । समस्या बढेमा लुब्रिकेटिङ ड्रप्स प्रयोग गर्नुपर्छ, अनि सुधार नआएमा आँखाको विशेषज्ञसँग सम्पर्क गर्नुपर्छ,' उनको सुझाव छ ।

# सडक दुर्घटना कम गर्न सडक संकेत राख्दै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले यही साउनदेखि सडक सुरक्षाका लागि आफ्नो मातहतका सडकमा सडक संकेत राख्ने तयारी गरेको छ ।

यसअघि राखिएका उक्त चिह्न अहिले धेरै स्थानमा सडक संकेतहरू मेटिएका छन्, यसरी सडकमा राखिने चिह्न नहुँदा दुर्घटना र ट्राफिक व्यवस्थापनमासमेत समस्या भएकाले कामपाले सडक विभागसँगको सहकार्यमा त्यस्ता चिह्न राख्न लागेको कामपाको ट्राफिक व्यवस्थापन सल्लाहकार जगतमान श्रेष्ठले जानकारी दिए ।

सल्लाहकार श्रेष्ठका अनुसार उक्त चिह्न राख्नका लगि आवश्यक पर्ने सम्पूर्ण सामग्री ल्याइसकेको र यही साउन महिनादेखि काम सुरू गरिने छ । उनका अनुसार विभागसँगको सहकार्यमा मुख्य राजमार्गबाहेक अन्य सबै सडकमा कामपाले नै सडक संकेत राख्ने तयारी पूरा भएको छ ।

योसँगै कामपाले पैदलयात्री र सवारी चालकलाई सडक प्रयोग कसरी गर्ने भन्नेबारे जनचेतनाको काम गर्ने तयारी पनि रहेको श्रेष्ठले जानकारी दिए । सडक संकेत भएको स्थानमा र नभएको स्थानमा सडकको प्रयोग कसरी गर्ने भन्नेबारे चालक र यात्रु धेरैलाई ज्ञान छैन, जसको कारण पनि सडकमा पछिल्लो समय सामान्य गल्तीले गर्दा पनि दुर्घटनाको घटना बढिरहेको यसलाई कम गर्न सडकमा नै प्रयोगकर्तालाई जनचेतना दिने हो ।

यसै आर्थिक वर्षमा नै कामपाले सडकमा आवश्यक पर्ने सामग्री पनि थप्ने तयारी गरेको छ । ट्राफिक कोन, डिभाइडर, सडक टल्कने संकेतसमेत राखेर सुरक्षालाई थप मनबुत बनाउने विश्वास कामपाको छ ।

कामपाले सामुदायिक विद्यालयका विद्यार्थीलाई ट्राफिक शिक्षा दिने मुख्य उद्देश्यसहित ट्राफिक क्लब गठनको काम पनि जारी राखेको छ । कामपाका प्रत्येक विद्यालयका १० देखि १५ विद्यार्थीलाई सहभागी गराएर ट्राफिक क्लब गठन गर्ने र छनोटमा परेका विद्यार्थीलाई ट्राफिक प्रहरीमार्फत तालिम दिएर क्लब गठन गरिएको श्रेष्ठले जानकारी दिए ।

सल्लाहकार श्रेष्ठका अनुसार छनोटमा परेको विद्यार्थीले विद्यालयमा बालबालिका आउने जाने समय (बिहान ९ देखि १० बजे र अपराह्न ३ देखि ४ बजेसम्म) उक्त तालिमप्राप्त विद्यार्थीले सडक पार गर्नका लागि सहयोग गर्ने गरेका छन् ।


## मोहन्याल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

### नदिजन्य सामग्रीको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/११)

यस मोहन्याल गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ का लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र मोहन्याल गाउँपालिका को आर्थिक ऐन २०८१ को व्यवस्था बमोजिम यस गाउँपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरेका तपसिलमा उल्लेखित नदीहरूको स्विकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी मोहन्याल गाउँपालिकाले तोकेको दरमा कर संकलन गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति फर्म वा कम्पनीहरूले E-Bidding मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य सूचना तथा शर्तहरूको विस्तृत जानकारी www.bolpatra.gov.np/egp मा हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।
नदिजन्य पदार्थको बिक्रि कर संकलन ठेक्का अवधी ठेक्का सम्झौता गरेको मितिदेखि २०८३ जेष्ठ मसान्त सम्मका लागि हुनेछ ।

**तपशिलः**

| सि. नं. | ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन मिटर | न्यूनतम ठेक्का रकम रु. (अंकमा) (कर बाहेक) | न्यूनतम बैंक जमानत | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | MRM/NCB/G/1/2082/083 | बरपानी खोला | ७१७५ | १५,२१,१०० | ८६००० | ३००० |
| २ | MRM/NCB/G/2/2082/083 | गोडो खोला | ७१२५ | १५,१०,५०० | ८६००० | ३००० |
| ३ | MRM/NCB/G/3/2082/083 | खण्डे खोला | १८५६२ | ३९,३५,१४४ | २२३००० | ३००० |
| ४ | MRM/NCB/G/4/2082/083 | झाप्री खोला | ५००० | १०,६०,००० | ६०००० | ३००० |
| ५ | MRM/NCB/G/5/2082/083 | भैंसीमारहाल्ने खोला | १७७७५ | ३७,६८,३०० | २१३००० | ३००० |
| ६ | MRM/NCB/G/6/2082/083 | पथरैया खोला | १०८९० | २३,०८,६८१ | १३१००० | ३००० |
| ७ | MRM/NCB/G/7/2082/083 | सिमली खोला | ३५०० | ७,४२,००० | ४२००० | ३००० |
| ८ | MRM/NCB/G/8/2082/083 | ठुलीगाड खोला | ४५०० | ९,५४,००० | ५४००० | ३००० |
| ९ | MRM/NCB/G/9/2082/083 | सालघारी खोला | ५५६० | ११,७८,७२० | ६७००० | ३००० |
| १० | MRM/NCB/G/10/2082/083 | सुनपाल खोला | ७८३० | १६,५९,९६० | ९४००० | ३००० |
| ११ | MRM/NCB/G/11/2082/083 | चरेला खोला | ३६०० | ७,६३,२०० | ४४००० | ३००० |
| १२ | MRM/NCB/G/12/2082/083 | ढांडे खोला | ३४५० | ७,३१,४०० | ४२००० | ३००० |
| १३ | MRM/NCB/G/13/2082/083 | गोराङ्गे खोला | १७६५० | ३७,४१,८०० | २१२०० | ३००० |
| १४ | MRM/NCB/G/14/2082/083 | कर्णाली छाल | १३४८० | २८,५७,७६० | १६२००० | ३००० |
| १५ | MRM/NCB/G/15/2082/083 | रतनपानी खोला | ८९५० | १८,९७,४०० | १०८००० | ३००० |

| | |
|---|---|
| बोलपत्र खरिद गर्ने अन्तिम मितिः | २०८२/०५/१०, कार्यालय समयसम्म |
| बोलपत्र पेश गर्ने अन्तिम मितिः | २०८२/०५/११, १२:०० बजे |
| बोलपत्र खोल्ने मिति, समय र स्थानः | २०८२/०५/११, १४:०० बजे<br>मोहन्याल गाउँपालिकाको कार्यालय, खिमडी, कैलाली |
| आन्तरिक राजश्व खाता नं. | बैंकको नाम : सिटिजन्स बैंक ईन्टरनेसनल लि.<br>खातावालाको नाम : मोहन्याल गाउँपालिका<br>खाता नं. : ०७७०१००००००२४२०१ |
| धरौटी खाता नं. | बैंकको नाम : सिटिजन्स बैंक ईन्टरनेसनल लि.<br>खातावालाको नाम : मोहन्याल गाउँपालिका<br>खाता नं. : ०७७०१००००००२४२०१ |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### भ्रष्टाचारको थलो स्थानीय तह !

मुलुकमा भ्रष्टाचार नियन्त्रणको नारा नलगाउने कुनै दल छैन। नयाँ होस् या पुरानो दल, उसको मूल नारा नै हुन्छ भ्रष्टाचार नियन्त्रण । तर, जब सरकारको नेतृत्वमा पुग्छ त्यो नारालाई कुल्चेर आफैं भ्रष्टाचारमा लिप्त हुन्छ । भ्रष्टाचारका विभिन्न प्रकरणमा नेताहरूको संलग्नाका पछिल्ला उदाहरणहरूले पनि यसलाई पुष्टि गर्छ। त्यसो त मुलुकमा भ्रष्टाचार नियन्त्रणका लागि छुट्टै निकाय छ, कानुन छ । तर, ती निकायमा आफूनिकटलाई नियुक्त गरी आफ्नो अनुकूलतामा काम गर्न लगाउने प्रवृत्ति हटेको छैन। आफ्ना विरोधीलाई सिध्याउन सोही निकाय प्रयोग गरी भ्रष्टाचारको मुद्दा चलाउन लगाउने गरिएको आरोप केही तथ्यहरूले सत्य नजिक रहेको देखाउँछ।

मुलुकमा संघात्मक व्यवस्था कार्यान्वयनमा आएदेखि तीन तहको सरकार क्रियाशील छ । सिंहदरबारको अधिकार गाउँगाउँसम्म पुऱ्याउने भन्दै स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाइएको छ । यसरी अधिकार प्रत्यायोजन गर्दा जनताले सरकारको सेवासुविधा पाउन धेरै हदसम्म सहज भएको छ । जनतासँग प्रत्यक्ष काम गरिरहेका स्थानीय सरकारहरूले धेरै राम्रा कामहरू गरिरहेका छन् । तर, सिंहदरबारको अधिकारसँगै विकृत प्रवृत्ति पनि स्थानीय सरकारले अँगालेका छन्। जसकारण केन्द्रमा रहेको भ्रष्टाचार गाउँगाउँसम्म फैलिएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको गत आर्थिक वर्ष २०८१/८२ को विवरणमा उक्त आवभित्र आयोगमा दर्ता भएका भ्रष्टाचारसम्बन्धी उजुरीमध्ये आधाभन्दा बढी स्थानीय तहसँग सम्बन्धित छन्। स्थानीय तहसँग सम्बन्धित उजुरी ५३.८४ प्रतिशत रहेको आयोगको विवरणमा उल्लेख छ। उक्त आर्थिक वर्षमा दर्ता भएका कूल २८ हजार ५९७ उजुरीमध्ये १९ हजार ९३३ स्थानीय तहसँग सम्बन्धित देखिएका हुन्। संघीय सरकारसँग सम्बन्धित १२ हजार ४७५ (३३.६९ प्रतिशत) र प्रदेश सरकारसँग सम्बन्धित चार हजार ६१८ (१२.४७ प्रतिशत) उजुरी रहेका छन्।

उपरोक्त तथ्यांकले प्रस्ट पार्छ, स्थानीय तहमा कसरी मौलाउँदै छ भ्रष्टाचार । जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकारमा यसरी भ्रष्टाचार मौलाउनु अत्यन्त गम्भीर विषय हो। यसले समग्र व्यवस्थामाथि प्रश्न उठ्ने अवस्था सिर्जना गरेको छ। भ्रष्टाचार नियन्त्रणको नारा लिएर चुनाव जित्ने अनि सोही ठाउँमा पुगेपछि उल्टै भ्रष्टाचारलाई मलजल पर्ने नेतृत्वमाथि छानबिन गरी कारबाहीको दायरामा ल्याउन जरुरी छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यसमा काम गरिरहेको भए पनि पूर्णप्रभावकारी बन्न सकेको छैन। यसको मूल कारण राजनीतिक स्वार्थ नै हो। त्यसैले यस्ता निकायलाई राजनीतिक स्वार्थबाट मुक्त गरी स्वतन्त्र बनाइनु जरुरी छ।

## श्रम सरोकार

### सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ। बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ। श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन्।

#### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ। योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ। त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ। कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ। एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ। वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ।

#### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

#### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ। कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ। तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ।

# गुँला पर्वको महिमा



■ पदम श्रेष्ठ

नेपाल सम्वत्को नवौं महिना गुँला पर्व आदि बुद्ध दीपंकरको स्मरणमा दान महिमालाई उँचो राख्दै मनाइन्छ । राजा वृषदेवभन्दा चार पुस्ताअघिका राजा पुष्पदेवको राज्यकाल (१९०० वर्षअघि) देखि यो पर्व मनाउन थालिएको कथन छ । गुँला अवधिभर उपत्यकाका विहार-महाविहारभित्र सार्वजनिक गरी नवव्याकरण पाठ्यपुस्तक (प्रज्ञापारमिता, गण्डव्यूह, दशभूमिश्वर-समाधिराज, लंकावतार, सद्धर्मपुण्डरिक, सुवर्ण प्रभास, ललितविस्तर तथा गुह्यतन्त्र) पाठ गर्दै विहार परिक्रमाका साथ दान दिएर मनाउने परम्परा छ ।

*त्रिरत्न शरणम् नमोः अमिताभाय बुद्धाय !! सबैभन्दा ठूलो मन्दिर आफ्नो शरीर हो । ठूलो देवता आफ्नो चित्त, ठूलो व्रत काम । क्रोध, मोहजस्ता खुराक नखानू । सबैभन्दा ठूलो तीर्थ आफ्नो चित्तका कुनाकाप्चामा पुग्नु हो, जो अनुसय धातुबाट मुक्त छन् । ठूलो बलि चित्तरूपि देवलाई काम, क्रोध र मोहको बलि चढाउनु हो । तिनै लोकका सत्त्वहरूलाई मैत्री र करूणाको बलि अर्पण गर्नु हो । सबैभन्दा ठूलो टीका शरीरमा क्लेसबाट मुक्त चित्त धारण गर्नु हो । सबैभन्दा ठूलो प्रसाद दान, बोधिचित्त, मैत्री, करूणाको फलस्वरूप उत्पन्न सुख र सन्तुष्टिको सेवन गर्नु हो ।*

श्रद्धेय महायोगी श्रीधर राणा रिन्पोछेज्यूको बोधि पुष्पाञ्जलि भाग-३ बाट बबिता गैरेजुले साभार गरेजस्तै भावनात्मक सम्बन्धमा रही काठमाडौं उपत्यकामा नेपाल सम्वत्को नवौं महिना एक महिनासम्म मनाइन्छ, गुँला (पञ्चदान) पर्व ।

हो, यही सत्यलाई आत्मसात् गर्दै प्रत्येक वर्ष श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदासम्म एक महिना स्वयम्भू महाचैत्यलाई मूल मानी काठमाडौं उपत्यकाका बौद्धस्थलमा गुँला नौ बाजा बजाउँदै देश परिक्रमा गरिन्छ। गुँला पर्व प्रेम, करुणा, कृषि कर्मबाट उन्मुक्ति, स्वास्थ्य प्राप्ति, व्यायाम, संगीत, मनोरञ्जन, पुनर्निर्माण, अनुगमन भ्रमणलगायत नौ उद्देश्य प्राप्ति हुने विश्वास गर्दै मनाइन्छ।

नेपाल सम्वत्को नवौं महिना गुँला पर्व आदि बुद्ध दीपंकरको स्मरणमा दान महिमालाई उँचो राख्दै मनाइन्छ । राजा वृषदेवभन्दा चार पुस्ताअघिका राजा पुष्पदेवको राज्यकाल (१९०० वर्षअघि) देखि यो पर्व मनाउन थालिएको कथन छ । गुँला अवधिभर उपत्यकाका विहार-महाविहारभित्र सार्वजनिक गरी नवव्याकरण पाठ्यपुस्तक (प्रज्ञापारमिता, गण्डव्यूह, दशभूमिश्वर-समाधिराज, लंकावतार, सद्धर्मपुण्डरिक, सुवर्ण प्रभास, ललितविस्तर तथा गुह्यतन्त्र) पाठ गर्दै विहार परिक्रमाका साथ दान दिएर मनाउने परम्परा छ।

यसरी प्राप्त दान (खाने, पिउने, लगाउने र नगद)लाई शाक्य, बज्राचार्य, फुवरे (ज्यापू) समुदायले विहार निर्माणमा पनि लगानी गरिन्छ । काठमाडौं र कीर्तिपुरमा प्रत्येक वर्ष श्रावण शुक्ल त्रयोदशीका दिन पञ्चादान हुने गर्दछ । काठमाडौंको ठमेलबाट सुरू हुने पञ्चदान क्वाःवहाः, झ्वाःवहाः, तँलाछी, धोका वहाः, गँवहाः, नघवहा, न्हूवहाः बांगेमुढा, असन, दगुवहा, तछेंवहाः, जनवहाः, इटुम्वहा, मूवहा, चिधँवहाः, मखवही, लायकुवही, मरु पिगँननी, चिंकमूहुँदै मञ्जुश्री परिक्रमा गरिन्छ भने मञ्जुश्री इकुवहाः, लगन, तःवहाः, यंगावही, ओमवहाः न्हुसा, पुलाभन्साहुँदै नच्छेगल्ली पुग्दछन् ।

बिहानै सुरू हुने पञ्चदान टेबहाल, दुगँवही, सवलबहाः, महाबौद्धहुँदै साँझ जमल विहारमा पुगी सम्यक् भोजमा परिणत हुने गर्दछ । ललितपुरको चाहिँ हिरण्यवर्ण महाविहारलाई मूल मानी देश परिक्रमा गरी गुँला पर्व मनाइन्छ भने भक्तपुरको आदिपद्म महाविहार (क्वाठमाडौं बहाः), कीर्तिपुरमा चिलंचो, मध्यपुर, साँखु (शंखरापुर) फर्पिङ ( शिखरापुर), पनौती, वनेपालगायतका स्थानीय मूल विहारको आधार लिई नौ बाजा बजाउँदै देश परिक्रमा गरिन्छ । गुँलामा बौद्धशास्त्रको नवव्याकरण पढिन्छ भने नौ बाजा (धाः, धिमे, नगरा, नायखिं, दमर्खी, दवहव, मृदंग धोधोचा र क्वँचाखिं) बजाउँदै विहार परिक्रमा गरिन्छ।

## गथामुगः (घण्टाकर्ण):

गुँला पर्व आउनुभन्दा तीन दिन अगाडि श्रावण कृष्ण चतुर्दशीका दिन गथामुगः चह्रे (घण्टाकर्ण दिवस) मनाइन्छ । घर टोलबाटै भूत प्रेत दुष्ट आत्माहरू पन्छाउन यो पर्व मनाइन्छ । टोलका दोबाटो-चौबाटोमा न्हाय्पंकथी (नर्कट), खाइबसी (आरु)को हाँगोलाई तीनखुट्टा त्रिपद् सम्बर भैरवका रूपमा उठाएर भूतप्रेत मन्छाएर मनाइन्छ ।

त्यसैले गथामुगल पर्व कृषिकर्म अर्थात् सिनाज्या सकिएलगत्तै मनाइने गरिएको हो । धान रोप्ने आदि कर्म सकिएपछि भूतात्मालाई विधिवत् बाहिर पठाउन सिनाज्या व्यङकेगु भन्दै घर, टोल, आँगन लिपपोत गर्ने, नुहाइधुवाइ, सफासुग्घर गरी दोबाटो-चौबाटोमा उठाइराखेको त्रिपद् सम्बर भैरवमा वौ फचाँक्न लैजाने गरिन्छ । गथामुगल पर्वमा बाजागाजा निकालेर सार्वजनिक गर्ने, पूजा पर्व खुलाउने हुँदा गुँला पर्वकै महिनाभित्र नौ वटै जात्रा पर्वहरू पनि मनाइने गरिएको पाइन्छ ।

वौ राख्न जाने भन्दै घर-घरबाट माटोको भेगुटमा राँगाको काँचो मासु, रगत, छाला, हड्डी, आन्द्रा आदि, त्यसमाथि लसुन, छ्यापी बौ स्वाँ ( एक प्रकारको फूल) बाटेको धूप, चिउराको छोकर (च्वकाबजी), काँचो अण्डासहितको प्रेतात्मा गथामुगल ठड्याएको ठाउँमा मन्छाउने गरिन्छ । साँझपख छ्वाँलीप्वायँ बालेर घरको कुना-कुनाबाट दुष्टात्मा धपाइन्छ । तान्त्रिक सिद्धि वा बोक्सी विद्या सिक्न मध्यराति पीठ-पीठमा मन्त्र साधना गर्ने गर्दछन् । त्यसैले कुविद्या भूतप्रेतले कुप्रभाव नपारोस् भनी यसदिन पित्तल, तामा, चाँदी, सुन, सिलाबर मिसिएको पञ्चरंगी वा फलामको औंठी लगाउने र घरको मूल ढोकामा त्रिकोण किला ठोक्ने गरिन्छ । दिनभर उठाइराखिएको गथामुगल त्रिपद् सम्बर भैरवमा स-साना नानीहरूको कपडाबाट पुतली बनाएर रोगव्याधि हटाउन मन्छाइन्छ भने साँझपख घर-ठेगाना नभएका व्यक्तिलाई ल्याएर दही चिउरा खुवाउने र प्रेतात्माको रूपमा सजाएर 'ओम शान्ति, जय नेपाल आजु दे हाँ' भन्दै नदी-किनारको मसानमा गथामुगल मिल्काउन लाने गर्दछन् ।

## नागपञ्चमी एक, आख्यान महिमा अनेक

उपत्यकामा नाग महिमालाई ठूलो सम्मानका साथ लिइन्छ । नागस्थानको आधारमा वज्रयान बौद्ध परम्परानुसार १२ तीर्थ छन् । वरुण नागराजको बासस्थान टेकु दोभान चिन्तामणि तीर्थ, तक्षक नागराजको चाँगु पुण्यतीर्थ, शान्तितीर्थ कोटेश्वर, शंकरतीर्थ शंखमुल ललितपुर, ज्ञानतीर्थ, प्रमोदतीर्थ, जयतीर्थ, सुलक्षणतीर्थ, मनोरथतीर्थ र राजतीर्थ सानेपासम्मलाई मानिन्छ । नागपञ्चमीमा नागस्थलमा मात्र होइन घरको मूल ढोकामा नागको चित्र टाँसेर श्रद्धा भक्तिपूर्वक पूजा गरिन्छ ।

नेपाल मण्डल अर्थात् काठमाडौं उपत्यका पानीको दहका रूपमा रहेको बेला यहाँ नागवंशको राज्य रहेको र उपत्यकाको पानी चोभार ह्वासिकापबाट छेदन गरी बाहिर पठाउँदा मञ्जुश्रीले नागवंशको सम्मानार्थ टौदह र ललितपुरको धापाखेलमा सम्मानका साथ स्थान सुरक्षित गराएको आख्यान पाइन्छ । यस्तै आख्यानमध्ये भक्तपुरको सिद्धपोखरी पनि नागवंशीबारे महिमा भएको पोखरी मानिन्छ । नागपञ्चमीका दिन उल्लेखितस्थलहरूमा भव्य मेला नगपुजा हुने परम्परा रहँदै आएको पाइन्छ ।

## क्वाटी खाने प्रचलन

क्वाँटी पुन्हि (नौ थरी गेडागुडीको क्वाँटी र जनै पूर्णिमा) मास, भटमास, ठूलो-सानो केराउ, चना, बोडी, मुङ, सिमी र बकुल्ला नौ थरी गेडागुडी भिजाएर टुसा आएपछि विशेष तरिकासँग बनाएर क्वाँटी (तातो झोल) जनैपूर्णिमाका दिन खाने प्रचलन नेवार समाजमा छ। क्वाँटी खानाले शरीरमा सर्दी-गर्मीको सन्तुलन, शक्तिवर्द्धक र पेटको विकार नाश गर्छ । यसदिन तागाधारीले नयाँ जनै फेर्छन् । जनै नलगाउनेले पनि ब्राह्मणको हातबाट दायाँ हातमा रक्षाबन्धन (डोरो) बाँध्ने गर्दछन् । मधेसी समुदायमा दिदीबहिनीबाट दाजुभाइलाई हातमा डोरो बाँधिदिने गरिन्छ ।

## श्रृंगभेरी नेकुजात्रा

ललितपुरका १० टोल- चक्रवही, इखाछें, बुबहाल, हौग, वकुवहाः, इखालखु, कोवहाः, सौगल, नःवही, मंगल र प्यालले पालैपालो प्रत्येक वर्ष गाईजात्राको भोलिपल्ट नेकुजात्रा-मतयाः जात्राको पालो लिन्छन् । भदौ कृष्ण द्वितीयाका दिन ललितपुर बुद्ध चैत्यस्थलमा मृतकका नाउँमा दीपदान गर्ने र राँगाको सिङको नेकु बजाउँदै नगर परिक्रमा गर्ने हुँदा यस पर्वलाई मतया-नेकुजात्रा भनिएको हो ।

पालोवाल टोलमा जम्मा भई बिहान ६ देखि साँझ झण्डै ७ बजेसम्म १२ घण्टा देवताको नाउँमा धूप, दीप, नैवेद्य, चौमरी, मतयामरी, कपुर, दक्षिणा, अबिर, अक्षता, हलः, अमला आदि चढाउँदै मृतात्माका लागि शान्तिको कामना गरिन्छ । लिच्छवि राजा बालार्चनदेवद्वारा थालिएको मतया नेकुजात्रा राजा सिद्धिनरसिंह मल्लद्वारा पुनःजागृत भएको विश्वास गरिन्छ । श्रृंगभेरी पनि भनिने नौ बाजामा धिमेय, नाय्खिं, दमःखिं मृदंगा, ढोलक, डमरु, कोंचाखिं, नगरा, ढ्यांग्रो दःयो, मगःखिं, ज्वःनगरा, खंचरी, काशी बाजा, दक्षिण बाजा, खिं र डबडब (डमरु) पर्छन् ।

साथै, पञ्चताल पँयताः र राँगाको घुम्रिएको सिङलाई विशेष तरिकाले सिँगारी नेकुबाजा बनाइएको हुन्छ । आख्यानुसार सिंहकेतु राजाको राज्य शशिपत्तन नगरमा रानी सुलक्षणा अहिंसात्मक धर्मकर्ममा विश्वास गर्थिन् तर राजा सिकार गर्ने कारण रानीले धेरै सम्झाउँथिन् तर मान्थेनन् । एक दिन कालगतिले दुवैको मृत्यु हुन्छ । पशुहत्याको विपाकको कारण राजा एक ब्राह्मणको घरमा राँगाको रूपमा र रानी ब्राह्मणकी छोरी रूपमतीको रूपमा जन्मिन्छन् । राँगा भिरबाट खसेर मरेछ, पूर्वानुस्मृतिको कारण ब्राह्मणकी छोरी रूपमतीले मृतक राँगो आफ्नो पति भएको थाहा पाई राँगाको हाडखोर जम्मागरी बुद्धचैत्य निर्माण र सिङबाट बाजा बनाएको विश्वास गरिन्छ ।

## पिताको मुख हेर्ने पर्व

एक आख्यानुसार लंकापति रावणले गोकर्ण वनमा १२ वर्षसम्म तपस्या गरी शिवलिंग पाएछन् । तर लिंग जहाँ बिसायो त्यहीँ स्थापित हुने स्वीकार गराई शिवलिंग लंका लान थाले छन् । देवलोकमा ठूलो हाहाकार मच्चियो । लिंगविना सृष्टि नै रोकिने ठानी वायु देवताले रावणको शरीरमा प्रवेश भई पिसाब च्याप्ने व्यथा लगाइदिए छन् । रावण जब विहार प्रान्त देवधास्थित बाबाधाम पुगे, त्यहाँ नारायण भगवान् एक ब्राह्मणको भेषमा देखापरे छन् । पिसाबले च्यापेका आतुर रावणले जब ब्राह्मणलाई देखे, शिवलिंग ब्राह्मणरूपी नारायणको हातमा राखिदिए । नारायणले चलाखीसाथ शिवलिंग त्यहीँ राखी आफू अन्तर्ध्यान भए । यस आख्यानभित्रको दार्शनिक पक्ष भनेको गोकर्णको शिवलिंग नै भारतको बाबाधाम भएको कथन छ ।

यही लिंग महिमाको स्मरण गर्दै प्रत्येक वर्ष गुँलागा आमै/भाद्रकृष्ण औंसीका दिन उत्तरगयामा पिताको नाउँमा श्राद्ध, दान, पितृ तर्पण गर्ने गरिन्छ। महायानी बौद्ध धर्मावलम्बीका १२ तीर्थमध्ये एक मानिन्छ । अर्को एक आख्यानअनुसार एउटी देह व्यापारीले दन्तुर नामक एक छोरालाई जन्म दिइछन्। तर शिशुका बाबु स्वयं देह व्यापारी आमालेसमेत थाहा पाइनछन्। तर दन्तुर पिताको अभावले छट्पटाउँदै पुलह ऋषिकोमा पुगेछन्, उनैको सल्लाहअनुसार गोकर्णेश्वर त्रिवेणीमा तर्पण दिन जाँदा सबै पितृले म तिम्रो पिता, म तिम्रो पिता भन्दै बोलाउन थाले छन् । अलमल्ल दन्तुरलाई भगवान् ब्रह्माले वास्तविक पिता चिनाइ तर्पण दिन लगाइदिए छन् । यसै बेलादेखि गोकर्णमा प्रत्येक वर्ष भाद्रकृष्ण औंसीका दिन पिताको नाउँमा यहाँ पुगी श्रद्धा-भक्तिपूर्वक श्राद्ध गर्ने गर्दछन् भने नेवार समुदायमा जीवित पितालाई उसिनेर तारेको अण्डा, सिंगो माछा, मासको बारा, राँगाको मासुको परिकार, जाँड-रक्सी, दही उपहार सगुन दिएर सम्मान दर्शाउने गरिन्छ ।

## पाठक मञ्च

### मधेसमा खडेरी: प्रकृतिमाथि मानवीय दोहनले निम्त्याएको समस्या

मधेसको अवस्था अहिले डरलाग्दो र दयनीय छ । धान रोपाइँ गर्ने समयमा पानी नपरेपछि खेत बाँझो छ । त्यहाँ पिउने पानीकोसमेत अभाव छ । जताजतै सुख्खा छ । जनजीवन एकदमै प्रभावित भएको छ । सरकारले हालै मधेसलाई विपद् संकटग्रस्त क्षेत्र पनि घोषणा गरेको छ । मधेसमा यो समस्या आयो कसरी त ? सबैका आ-आफ्ना तर्क छन् ।

तर, उब्जनी गर्नुपर्ने जमिनमा घर र बाटो बनाउँदाको परिमाणलाई यसलाई लिन सकिन्छ । आकाशबाट परेको पानी जमिनले सोस्न पाएन । जसले गर्मीमा एकदम गर्मी बढ्यो नै सँगै जाडोमासमेत गर्मी बढेको छ । मधेसमा भएको यही हो । प्रकृतिमाथि मानवीय दोहनले निम्त्याएको समस्या हो, यो । अहिले मधेसमा खडेरी लाग्दा काठमाडौं उपत्यकासहित पहाडी तथा हिमाली भेगमा भने पानी परिरहेको छ । पहाडमा पानी परेपछि के गर्नु ? जब त्यहाँ न खेत छ न रोपाइँ गर्ने मान्छे । घर, मतानमा ताल्चा झुण्ड्याइएको छ भने खेतबारी बाँझो छ । उपत्यकाभित्र रोपाइँ गर्ने जग्गा नै देखिँदैन । केही गरी देखिहाले पनि प्लटिङ कि त बाँझै छोडिएको हुन्छ । उपत्यका, पहाडी भेगमा लगातार वर्षा भइरहेको छ। तर, त्यसको सदुपयोग हुन सकेन । अन्नको भण्डार मानिने मधेसमा भने रोपाइँ गर्नेबेला नै पानी नपर्दा खाद्यसंकट निम्तिने सम्भावना बढेको छ।

यसपटक पानी परेको र नपरेको दुवै ठाउँमा रोपाइँ हुन सकेको छैन । सरकारले जग्गा बाँझो नराख्न जनतालाई सचेत गराएन। न पानी भएको ठाउँमा रोपाइँ वा अन्य खेतीपाती गर्न सक्यो सरकारले न त पानी नपरेको ठाउँमा। मानिस होस् या जीवजन्तु खानेकुराविना बाँच्न सक्दैन। अन्न वा खाद्यान्न जमिनबाट उत्पादन हुन्छ । उपत्यकाको जमिन उच्च खेतीयोग्य मानिन्छ। तर, सरकारले प्लटिङ गरेर घर तथा भवन बनाउन दियो।

अहिले उपत्यका हिउँद लाग्नासाथ धुँवाधुलो ढाकिन्छ त बर्खा लाग्नेबित्तिकै डुबानमा पर्छ । यसको उदाहरण हो भक्तपुरको राधेराधे । सानो पानी पर्नासाथ त्यहाँ बसोबास गर्नेहरू घरमा बस्न डराउँछन् । किनकि, त्यो ठाउँ थोरै पानी पर्नेबित्तिकै डुबिहाल्छ। कतै जमिन छ तर रोपाइँ गर्ने मान्छे छैन । कतै मान्छे छन् तर जमिन छैन । कतै चाँहि जमिन र मान्छे दुवै छन् तर पानी छैन । मधेसमा यसपटक धान रोपाइँ हुने छाँटकाँट देखिँदैन । जसले गर्दा आउँदो वर्ष भने मुलुकमा खाद्यसंकट निम्तिन सक्छ।

किनकि, मधेसमा उत्पादन भएको अन्नले त्यहाँमात्र नभई पहाड र हिमालमासमेत खाद्यान्न परिपूर्ति गर्दै आएको छ । त्यसकारण अब मुलुकभर खाद्यसंकट निम्तिने देखिन्छ । यसको प्रमुख दोषीचाहिँ सरकार नै छ। मुलुकमा तीन तहको सरकार छ। संघ, प्रदेश र स्थानीय तह । विडम्बना, कसैले पनि जमिन बाँझो राख्नुहुन्न भन्ने नीति ल्याएनन् ।

यदि सरकारले बेलैमा जमिन बाँझो राख्न नमिल्ने वा बाँझो जमिनमा जसले पनि अन्न उत्पादन वा खेतीपाती गर्न मिल्ने नीति ल्याएको भए मधेसका खेतबारीमा पानी नपरेर रोपाइँ नहुँदा पनि कसैलाई फरक पर्ने थिएन । अहिले त मधेसका किसानहरू टाउकोमा हात लगाएर रोइरहेका छन्। भोलि देशभरका जनता यसरी नै रुनुपर्ने अवस्था आउनसक्छ । किनकि मधेसमा अन्न नफल्नुका साथै केही गरी विदेशीले पनि हामीलाई खाद्यान्न नदिएमा भोकमारी सुरु हुने छ । तब देशभरका जनता रुनेमात्र होइन, भोकभोकै मर्नुपर्नेसमेत हुने छ।

पहिलापहिला मान्छेहरू जतासुकै गए पनि असार र दसैंमा आफ्नै गाउँ फर्किन्थे। भनिन्थ्यो, असारमा तीन महिना दुःख गरेर वर्षभरि खानुपर्छ। त्यसकारण गाउँबाट सहर छिरेका वा सहरबाट विदेश गएकाहरू असार र दसैंमाचाहिँ जसरी पनि फर्किन्थे । रोपाइँ गरेर वा चाडपर्व मनाएर फेरि जान्थे। २०४९ सालसम्म नेपाल खाद्यान्नमा आत्मनिर्भर थियो । विदेशीलाई समेत खाद्यान्न अनुदानमा दिइन्थ्यो ।

अहिले त नेपाल नै खाद्यान्नमा विदेशीको भरमा पर्नुपरेको छ। अर्कोतर्फ, मानिसहरूलाई खेतीपाती गर्नै लाज लाग्छ। गाउँका मान्छे सहर छिरे। पैसा हुनेले उपत्यकामा जग्गा किने, घर ठड्याए। पैसा नहुने विदेश पलायन भएन। दशकौंदेखि उनीहरू विदेशमै छन् । सहरमा जग्गा किनिरहेका छन् । उसको गाउँ र सहर दुवैको जमिन बाँझो छ । सरकार र जनता दुवैको सोचाइ एउटै भयो । घरजग्गामा लगानी । जनता जग्गा किन्ने, घर बनाउने अनि नाफा आउनासाथ बेचिहाल्ने । त्यसो गर्दा राज्यको ढुकुटीमा राजस्व आउने। फेरि कर पाएपछि सरकार मख्ख। खेतीयोग्य जमिनमा घर बनाओस् कि बाँझो छोडोस् सरकारलाई केही मतलब नलाग्ने । यसैको परिमाण अब आउँदो दिनमा हामी सबैले भोग्ने छौं।

- रुषा थापा, भक्तपुर



**पुनर्निर्माणमा ढिलाइ** | लमजुङको बैँसीसहर नगरपालिका–३ गाउँसहरस्थित निर्माणाधीन लमजुङ दरबार । सोह्रौं शताब्दीमा बनेको यस दरबार जीर्ण भएपछि पुरातत्त्व विभागले दुई वर्षमा सक्नेगरी पुनर्निर्माण कार्य अघि बढाए पनि बजेट अभाव देखाउँदै तीन वर्षभन्दा बढी हुँदासमेत काम सम्पन्न भएको छैन ।

*तस्बिर: जनक श्रेष्ठ/रासस*

# वीरगञ्जको घण्टाघरको ट्राफिक व्यवस्थापन अस्तव्यस्त !

**वीरगञ्ज (पर्सा)–** औद्योगिक तथा व्यापारिक नगरी वीरगञ्ज महानगर क्षेत्रमा पनि ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै आइरहेको छ । अत्यधिक तीनपांग्रे अटोरिक्सा र जभाभावी बाटो काट्ने पैदलयात्रीका कारणले यहाँको ट्राफिक व्यवस्थापनमा दिनानुदिन समस्या थपिँदै आइरहेको छ ।

वीरगञ्जको घण्टाघरचोकमा पैदलयात्रु जुनसुकै ठाउँबाट पनि बाटो काटिरहेको दृश्य सामान्यजस्तै लाग्छन् । पैदलयात्रीलाई सहज रूपमा वारपार गर्न राखिएका जेब्राक्रसको चिह्न मेटिएर देख्न पनि मुस्किल पर्ने गरेको छ । वीरगञ्ज मीनाबजारका सीताराम साह वीरगञ्जको घण्टाघरचोकमा पैदलयात्री बेपर्वाह ढंगले सडक वारपार गर्ने बताउँछन् । 'घण्टाघर चोकमा त सर्वसाधारण जहाँ मन लाग्यो । त्यहीबाट बाटो काटेको दृश्य सामान्यजस्तै लाग्छ,' उनले भने, 'जसलाई जहाँबाट बाटो काट्न मन लाग्यो । त्यहीबाट बाटो काट्ने प्रवृत्तिले सवारीचालक हैरानी भोग्दै आइरहेका छन् ।' साहले वीरगञ्जको घण्टाघरचोक, नयाँ बसपार्कलगायत स्थानमा ट्राफिक व्यवस्थापन चुस्तदुरुस्त बनाउनुपर्ने बताए ।

'सबैभन्दा पहिला त यहाँ सडकमा पर्याप्त मात्रामा जेब्राक्रस बनाउन आवश्यक भइसकेको छ,' उनले भने, 'घण्टाघरमा जडान भएको ट्राफिक लाइटले पनि काम गर्न नसक्दा ट्राफिक व्यवस्थापनमा समस्या थपिरहेको छ ।' घण्टाघरचोकमा भएको जेब्राक्रसमा पनि बाँस राखिएको छ । जसले पैदलयात्रीलाई आवतजावत गर्न समस्या भइरहेको छ । सोही जेब्राक्रस भएकै ठाउँबाट सवारीसाधन चलाउने भएकाले बाँस राख्नुपरेको ट्राफिक प्रहरी बताउँछन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख लोकराज भट्टले सीमित जनशक्ति र पैदलयात्रीमा जनचेतनाको अभावको कारणले जभाभावी ढंगले बाटो काट्ने समस्या रहेको बताए । 'घण्टाघरचोकमा वरपर रेलिङ नहुँदा पनि जभाभावी बाटो काट्ने सर्वसाधारणलाई नियन्त्रण गर्न मुस्किल परिरहेका छन्,' उनले भने, 'भएका रोड फर्निचरहरू पनि नियमितरूपमा मर्मतसम्भार नहुँदा समस्या भइरहेको छ ।'

कार्यालयले घण्टाघरचोकमा ट्राफिक व्यवस्थापनका लागि दुई जना र जिल्ला प्रशासन कार्यालय पर्सा जाने मोडतर्फ थप एक गरी जना ट्राफिक प्रहरी खटाउँदै आइरहे पनि ट्राफिक नियमको पालना भने प्रभावकारी रूपमा हुन सकिरहेको छैन । पर्सा जिल्लामा गत आवमा सवारी दुर्घटनामा परेर ४७ जनाको मृत्यु भएको छ । जबकि आव २०८०/८१ मा भने यहाँ जिल्लाभरिमा ५३ जनाको सवारी दुर्घटनामा परेर मृत्यु भएको छ । वीरगञ्ज महानगर र सडक विभागले पनि यहाँको ट्राफिक लाइट व्यवस्थापन र सञ्चालनमा भने ध्यान दिन सकिरहेको छैन ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख राजकुमार सिलवालले वीरगञ्जको ट्राफिक व्यवस्थापनमा सीमित जनशक्तिको कारणले पनि समस्या भएको बताए । उनले भने, 'पर्सामा कार्यरत १०-१५ जना प्रहरीको अन्य स्थानमा रवाना भइसकेको छ । सीमित जनशक्तिले पनि काम गर्न समस्या छ । यद्यपि हामीले जहाँजहाँ ट्राफिक व्यवस्थापनमा समस्या देखिएको छ । सो ठाउँको समाधानका लागि आवश्यक कदम अघि बढाउनेछौं ।'

प्रमुख सिलवालले सडकमा सवारीसाधन गुडाउने ठाउँमा बिहेको टेण्ट लगाउने खालका चुनौती रहेको पनि बताए । 'ट्राफिक प्रहरीले कारबाही गर्दा पनि विभिन्न खालका गुनासा आउने गरेका छन्,' उनले भने, 'ट्राफिक व्यवस्थापन ट्राफिक एकलको प्रयासले मात्र समाधान गर्न नसकिने रैछ । अन्य सरोकारवाला निकायले पनि उत्तिकै समन्वय र सहकार्य गरेर अघि बढ्न जरुरी भइसकेको छ ।' उनले पछिल्लो समय पथलैया क्षेत्रमा ट्राफिक व्यवस्थापनमा सुधार गरेको दाबी गरे । *रासस*

# थारु समुदायको मौलिक पहिचान छतरी हराउँदै

**कञ्चनपुर–** कञ्चनपुरका थारु समुदायका मौलिक पहिचान बोकेका छतरी(छाता) हराउँदै जान थालेको छ । थारु समुदायको खेत-खलिहान र गोठालो यात्राको अभिन्न साथी मानिने बाँसको छतरी, आज स्मृतिमामात्र सीमित हुँदै जान थालेको छ । जीवनभर खेतमा काम गर्दा ओढ्ने छतरी हराउँदै गएकामा शुक्लाफाँटा नगरपालिका-३ जोनापुरका धनिराम चौधरी चिन्ता व्यक्त गर्छन् ।



'बर्सात्मा खेतमा काम गर्दा, गोरु जोत्न, बीउ झार्न, वा गोठाला जाँदा छतरी आवश्यक वस्तु हुन्थ्यो,' उनले भने, 'बलियो पहाडी बाँस र महुराइन (मालु)को पात प्रयोग गरी बनाइने छतरी पानी चुहिन नदिने उत्कृष्ट घरेलु प्रविधि थियो ।'

बूढेसकाल लाग्दासम्म परम्परागतरूपमा घरमै निर्माण गरेका छतरी ओढेको सम्झना उनलाई छ । छतरीमा एक थोपा पनि पानी चुहिँदैनथ्यो, हलुका पनि हुन्थ्यो, तर अब ती दिन सपनाजस्ता भएको उनी सुनाउँछन् । छतरी थारु समुदायका लागि एक उपयोगी वस्तु रहेको उल्लेख गर्दै उनले सांस्कृतिक चिनारीका रूपमा छतरीलाई लिइने गरेको बताउँछन् । बाँसको चोयाले बुनेर महुराइन (मालु)को पातभित्र राखी बनाइने छतरी घाम र पानी दुवैबाट जोगाउने उपायका रूपमा रहेको उनले बताए ।

'पहाडबाट ल्याइने बलियो बाँसले बनाइएका छतरी पाँच वर्षभन्दा बढी टिक्ने गर्दथे,' उनले भने, 'थारु समुदायमा तीन प्रकारका छतरी प्रचलनमा थिए, जसमा ठूलो गोलो छतरी, जसले शरीरको अधिकांश भाग छोप्थ्यो, मुरमुख्खी, टाउको मात्रै ढाँक्ने सानो छतरी र स्यांगो, त्रिकोण आकारको पूरै शरीर छोप्ने छतरी प्रचलनमा थिए ।'

यी सबै आज प्रयोगबाट हराइसकेको उनले बताए । परम्परागत छतरीको तुलनामा बजारमा आधुनिक र सस्तो छाता रेनकोट सजिलै पाइने भएपछि परम्परागत सीप लोप हुन थालेको कलंकबहादुर चौधरी बताउँछन् । बाँस र महुराइनको पात मुख्यरूपमा चुरे क्षेत्रका वनबाट संकलन गरिन्थ्यो । तर अहिले वनभित्र अनुमतिविना प्रवेश गर्न नपाइने, पात टिप्दा झण्झट हुने र कानुनी जटिलता हुने भएपछि छतरी बनाउने चलन नै बन्द भएको उनको भनाइ रहेको छ ।

'थारु परम्परामा ससुराली जाँदा छतरी, सुप्पा, मचिया उपहार दिने चलन थियो,' हवलदार चौधरीले भने, 'परम्परागत वस्तुहरू उपहारमा दिने चलन पनि हरायो, महुराइनको पातलाई पवित्र मानिने हुँदा पूजामा प्रयोग हुने दुना, टपरी पनि त्यही पातबाट बनाइन्थ्यो, त्यसको बदलामा अहिले सातको पातले काम चलाउने गरिन्छ ।'

उनी भन्छन्, 'आजका युवा छाता, रेनकोट र प्लास्टिकका सजिला सामानतर्फ आकर्षित छन्, सीप सिकाउने बूढापाका घट्दै जाँदा छतरीजस्ता मौलिक वस्तु लोप हुने अवस्थामा पुगेका छन्, लोप हुँदै गएका छतरीलगायतका वस्तुको जगेर्ना गरी यस्ता हस्तकलाका सामग्रीको बजार प्रवर्द्धन गर्नुपर्छ ।'

छतरी थारु समुदायको केवल आवश्यकता होइन, पहिचान पनि भएकाले त्यसको संरक्षण नगर्ने हो भने भविष्यमा केवल तस्बिर वा संग्रहालयमामात्रै सीमित हुने चिन्ता उनी व्यक्त गर्छन् । उनका अनुसार यसका लागि स्थानीय सरकार र सरोकारवाला निकायले समयमै सचेत भएर सीप संरक्षण कार्यक्रम र सांस्कृतिक जागरण अभियान सुरू गर्न आवश्यक छ । *रासस*

# स्याङ्जामा 'एक सामुदायिक वन, एक पोखरी' अभियान



**वालिङ (स्याङ्जा)–** स्याङ्जामा 'एक सामुदायिक वन, एक पोखरी' अभियानअन्तर्गत २७ वटा रिचार्ज पोखरी निर्माण भएका छन् । गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ देखि सुरु गरेको अभियानलाई कार्यान्वयन गर्दै जिल्लाका विभिन्न सामुदायिक वनमा २७ वटा रिचार्ज पोखरी निर्माण भएका हुन् ।

पछिल्ला चार आर्थिक वर्षमा जिल्लास्थित सामुदायिक वनमा पोखरी निर्माणलाई अभियानका रूपमा अगाडि बढाइएको जिल्लास्थित डिभिजन वन कार्यालयका वन अधिकृत अम्मरबहादुर पराजुलीले जानकारी दिए । उनका अनुसार आव २०८१/८२ मा तीन, आव २०८०/८१ मा १२, आव २०७९/८० मा आठ र आव २०७८/७९ मा चारवटा रिचार्ज पोखरी निर्माण गरिएको हो ।

'एक सामुदायिक वन, एक पोखरी' अभियान लागू भएसँगै हालसम्म २७ सामुदायिक वनमा २७ वटा पोखरी निर्माण गरेका छौं,' पराजुलीले भने, 'आगामी दिनमा पनि अन्य सामुदायिक वनमा यस्तै प्रकृतिका रिचार्ज पोखरी निर्माणलाई निरन्तरता दिँदै जानेछौं ।'

पछिल्ला केही वर्षयता खोला खोल्सीमा पानीका मुहान सुक्दै गएकाले वनको बीच तथा माथिल्लो भागमा रिचार्ज पोखरी निर्माण गर्दा तल्लो तटीय क्षेत्रमा पानीका मुल फुट्ने, पानीको स्रोत बढ्ने भएकाले यसलाई अभियानका रूपमा सञ्चालन गरिएको उनले बताए । वन जंगलमा वन्यजन्तुलाई पिउनका लागि पानी नहुँदा वन्यजन्तु पानीको खोजीमा जंगलबाट गाउँघरतिर आउनेक्रम बढ्दो रहेकाले वन्यजन्तुलाई गाउँतिर प्रवेश गर्न नदिनका लागि पनि यस प्रकारको रिचार्ज पोखरीले महत्त्व राख्ने उनको दाबी छ ।

'कतिपय ठाउँमा सडक निर्माण गर्ने कार्यले पानीका स्रोतहरू हराउँदै गएका छन्,' वन अधिकृत पराजुलीले भने, 'माथिल्लो भागमा रिचार्ज पोखरी हुँदा तल्लो तटीय क्षेत्रमा पानीका स्रोत दिगो हुने, वन्यजन्तु तथा चरनका लागि लगिएका पशुचौपायालाई पानी खुवाउन सहज हुने र आवश्यक परेको खण्डमा सिँचाइका लागि पनि प्रयोग गर्न सकिन्छ ।' पोखरीको चारैतिर वा आवश्यकता अनुसार पक्की पर्खाल लगाइएको छ भने तल्लो जमिनलाई पुरानै अवस्थामा छोड्ने गरिएको उनको भनाइ छ ।

वनमा निर्माण गरिएका पोखरी बहुउपयोगी रहेका फेदीखोला गाउँपालिका-४ स्थित कुचेको मुहान सामुदायिक वनका पोखरी निर्माण उपभोक्ता समितिका अध्यक्ष उमाकान्त सुवेदीले बताए । 'वनमा निर्माण गरिएका पोखरीलाई उपभोक्ताले बहुउपयोगी तरिकाले प्रयोग गरिरहेका छौं,' उनले भने, 'रिचार्ज पोखरीभन्दा तल्लो भागमा पानीको मुहान जोगाइराख्न सहयोग पुग्ने, पशुचौपायालाई खुवाउन, सिँचाइका लागि प्रयोग गर्दै आएका छौं । वन्यजन्तुले पनि यही पोखरीको पानी खान सक्नेगरी निर्माण गरेका हौं ।'

पोखरी निर्माणसँगै वन क्षेत्र मनमोहक र सुन्दर देखिन थालेको सुवेदीले बताए । डिभिजन वन कार्यालय स्याङ्जाले प्रतिपोखरी निर्माणका लागि एक लाख रूपैयाँ उपलब्ध गराएको थियो । *रासस*

# 'शिक्षा प्रणालीमा नवीनतम् सुधार आवश्यक'

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले वर्तमान शिक्षा प्रणालीमा नवीनतम सुधार आवश्यक रहेको बताएका छन् । वीरेन्द्रनगर नगरपालिका-१२ सुर्खेतस्थित अमरज्योति माध्यमिक विद्यालयको प्रशासनिक एवं शैक्षिक भवन निर्माणको शनिबार शिलान्यास कार्यक्रममा मुख्यमन्त्री कँडेलले समयअनुसार शिक्षा प्रणालीमा आमूल सुधारको खाँचो रहेको बताए ।

उनले भने, 'हामी अझै पनि परम्परागत शिक्षण पद्धतिमा अडिएका छौं, जहाँ विद्यार्थीले केवल किताब पढ्ने र परीक्षा पास गर्ने लक्ष्य राख्छन् । अहिलेको युग अनुसारको शिक्षाले मात्र विद्यार्थीलाई प्रतिस्पर्धी, सक्षम र उत्पादनशील बनाउन सकिन्छ ।'

मुख्यमन्त्री कँडेलले शिक्षा क्षेत्रमा भौतिक पूर्वाधारको सुधारसँगै गुणस्तरमा पनि ध्यान दिनुपर्ने सुझाउँदै व्यावहारिक, प्रविधिमैत्री र नवीन शिक्षण प्रणाली अवलम्बन गर्नुपर्नेमा जोड दिए । शिक्षालाई जीवनोपयोगी बनाउने गरी पाठ्यक्रम, शिक्षण विधि र मूल्यांकन प्रणाली परिमार्जन गर्नुपर्ने उनको भनाइ थियो ।

मुख्यमन्त्री कँडेलले भने, 'शिक्षामा रूपान्तरण ल्याउन नीतिगत सुधार, स्रोत व्यवस्थापन, सक्षम शिक्षक र पूर्वाधारको भूमिका महत्त्वपूर्ण हुन्छ । प्रदेश सरकारको तर्फबाट कर्णालीका विद्यालयमा आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र गुणस्तरीय शिक्षाका लागि आवश्यक बजेटको व्यवस्थामा विशेष ध्यान दिन्छौं । कर्णालीजस्तो भौगोलिकरूपमा विकट प्रदेशको शिक्षाको विकासबाट दीर्घकालीन विकास सम्भव हुन्छ ।'

श्रीमान कन्स्ट्रक्सन हेटौंडा उपमहानगरपालिका-६ मकवानपुरले २०८३ पुस १५ गतेसम्म निर्माण सम्पन्न गर्नेगरी शिलान्यास गरिएको ३३ कोठे उक्त शैक्षिक भवन कर्णाली प्रदेश सरकारको पाँच करोड ८९ लाख २४ हजार रूपैयाँ बजेट विनियोजन गरिएको जनाइएको छ ।


**Madi Municipality**
**Office of the Municipal Executives**
**Koshi Provience**
**Okharbote, Sankhuwasabha**

**Invitation for NCB**

***First Date of Publication: 2082/04/11***

1. The Madi municipality, Sankhuwasabha invites Tender from eligible Nepalese bidders for the IFB no:- **MM/NCB/W/1/2082/083**
2. Eligible Bidders may obtain further information at **Madi municipality office, Okharbote, Sankhuwasabha** during office hours or may visit E-procurement section of PPMO's Web portal www.bolpatra.gov.np/egp.
3. Bidders should purchase the bid document electronically through E-procurement section of PPMO's web portal. Bidder should deposit the cost of bidding document **NRs. 3,000.00** (non-refundable) in the Municipality Office account for the purchase of the bids as specified below and electronic scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
4. Bidders should submit their bid electronically through E- procurement section of PPMO's Web portal as specified in the Instruction to Bidders on or before **12:00 hrs** of **2082/05/10.** Late bid will be rejected. Bids shall be opened at **14:00 hrs** on the same day of bid in the presence of the bidders or their representatives who choose to attend.
5. Information to deposit the cost of bidding document in Bank:-
   **Name of the Bank**:- Himalayan Bank Ltd, Madi Branch
   **Name of office**:- Madi municipality
   **Account No**.:- ga 1.1 06007632080084 (for bid document purchase )
   **Account No**.:- ga 3.1 06007632080034 (for bid security Amount)
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs 1,30,000.00** issued by "A" class commercial bank or direct deposit in Madi Municipality Account number, ga 3.1 06007632080034 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case the validity of bid security shall be considered from already specified last date for bid submission.
8. Madi Municipality reserves the right to accept or reject, wholly or partly any or all the sealed bids without assigning reason, whatsoever.

**Details Of Works.**

| S.N. | IFB No. | Name of Project | Location | Estimated Cost Including PS and VAT |
|---|---|---|---|---|
| 1. | MM/NCB/W/1/2082/083 | Nagar Aspatal ko truss Nirman | Madi Municipality ward no.4, Sankhuwasabha | NRs. 52,63,816.11 |

**Chief Administrative Officer**

प्रभाव दैनिक

आइतबार, ११ साउन, २०८२ (Sunday, 27 July 2025)

रूपशाला

## चर्चामा नाजिर

फिल्म 'गुन्यु चोलो : द ड्रेस'को गीत 'म फूल हुँ कि काँडा' अहिले चर्चामा छ । केही दिनअघि सार्वजनिक गीतको भिडियोमा अभिनेता नाजिर हुसेन महिलाको गेटअपमा देखिएका छन् । जसको गेटअफ र अभिनयको समेत तारिफ भइरहेको छ । 'नाजिर तिमी एक महान बहुमुखी अभिनेता हौ' विजय थापाले भिडियो हेरेर लेखेका छन्, 'उत्कृष्ट पात्रहरूमा अभिनय गरिरहनु । तिमी एक महान अभिनेता बन्नेछौ । एउटा मात्र कुरा विवादहरूबाट सावधान रहनु ।



# 'मोहर'को प्रचारका लागि जेसिआई नेपालसँग सहकार्य

■ प्रभाव संवाददाता




**काठमाडौं–** देउकी प्रथाको कथामा बनेको फिल्म 'मोहर'को प्रचारमा नेपाली समाजमा सामाजिक रूपान्तरणका पक्षमा सक्रिय संस्था जेसीआई नेपाल सहयोग गर्ने भएको छ । यथार्थपरक सामाजिक कथावस्तुमा आधारित फिल्म भएकोले प्रचारमा सहकार्य गरिएको जेसीआईले जनाएको छ ।

फिल्म निर्माण कम्पनी फिल्ममेकरस् प्रा. लि. र जेसीआईबीच शुक्रवार यश विषयमा सम्झौता भएको हो । यो सहकार्य अन्तर्गत जेसीआई नेपालले देशभरका आफ्ना युवाहरूको सञ्जालमार्फत फिल्म 'मोहर'लाई प्रचारमा सहयोग गर्नेछ ।

नेपाली समाजमा अझै अस्तित्वमा रहेको देउकी प्रथा जस्तो सामाजिक विकृतिमाथि आधारित फिल्मले प्रेम, विछोड र बदलाको कथासँगै गहिरो सामाजिक सन्देश दिने अपेक्षा निर्देशक ओम प्रतिकले बताए ।

फिल्ममा पल शाह, बेनिशा हमाल, नीति शाह लगायतका कलाकारहरूको मुख्य भूमिका रहेको छ । फिल्मको लेखन निर्देशक प्रतिकले नै गरेका हुन् । फिल्म यही साउन २३ गतेबाट देशभर प्रदर्शनमा आउँदैछ ।

यस सहकार्यबारे जेसीआई नेपालकी राष्ट्रिय अध्यक्ष रञ्जनी थापा भन्छिन्-'सामाजिक रूपान्तरणका लागि सिर्जनात्मक माध्यमहरू अत्यन्त प्रभावकारी हुन्छन् । फिल्म 'मोहर' मार्फत उठान गरिएको विषयवस्तुले युवा पुस्तालाई सोच्न बाध्य बनाउनेछ । यस्तो अर्थपूर्ण प्रयाससँग सहकार्य गर्न पाउनु हामी जेसीआई नेपालका लागि गौरवको विषय हो ।'

फिल्ममा लक्ष्मी गिरी, अर्जुनजंग शाही, सारा शर्मा लगायतका कलाकारको समेत अभिनय छ । चुम्बनजंग शाही निर्माता रहेको फिल्ममा दीपेन बस्न्यातको छायाङ्कन, भूपेन्द्र अधिकारीको सम्पादन तथा सुरेश अधिकारी, थानेश्वर गौतम र एसडी योगी को संगीत छ ।

# 'द ब्ल्यु लाइट'को फस्टलुक्स सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** साइकोलोजिकल थ्रिलर जनरामा निर्माण भएको चलचित्र 'द ब्ल्यू लाइट'को फष्टलुक्स सार्वजनिक भएको छ । चलचित्रकी मुख्य पात्र अभिनेत्री बेनिशा हमालको शनिबार परेको जन्मदिनको अवसर पारेर निर्माण पक्षले फष्टलुक्स सार्वजनिक गरेको हो ।

मंसिर १२ गते रिलिज हुने चलचित्रको टिजरमा मनोवैज्ञानिक तनावमा रहेका पात्रहरू प्रस्तुत छन् । आफ्नो बुवाको मृत्यु भएको सपना डराइ डराई बुवालाई सुनाइरहेकी छोरी र उनलाई डरबाट बाहिर निकाल्न खोजिरहेको बुवाबाट पहिलो झलक सुरु हुन्छ । बुवाले छोरीलाई उनको डर दूर गराउन सपनामा मरेको देखेको मान्छेको आयु लामो हुन्छ भन्दै कन्भिन्स गर्छन् ।

त्यसपछि आफूलाई कमजोर भएको महसुस गरेपछि कठोर र साहसी बनाउन हतियार लिएर हिँडिरहेकी युवती र चाल सुनिरहेकी अर्की युवतीबिचको डर र डर हटाउन गरेको प्रयास छ । फष्टलुक्समा बेनिशासँगै अर्पण थापा र सृष्टि श्रेष्ठ छन् । तीनै जना तनावपूर्ण भावमा छन् । एंग्री लुक्समा रहेकी सृष्टि श्रेष्ठको हातमा आलो रगत लतपतिएको बन्चरो छ । उनले भर्खरै बन्चरो कसैमाथि प्रहार गरेको अनुमान लगाउन सकिन्छ ।

'द ब्ल्यू लाइट'लाई बलिराम चौहानले निर्देशन गरेका हुन् । चलचित्रमा बेनिशा, अर्पण थापा, सृष्टिका अलवा महेश त्रिपाठी, आयुशमान देशराज जोशी, सुरक्षा इटानीको अभिनय छ । बलिराम चौहान (ग्याट्स्वी) निर्माता रहेको 'द ब्ल्यू लाइट'को सहनिर्माता भोलानाथ कटुवाल र रमन ग्रे हुन् । कार्यकारी निर्मातामा भने छायाकार नरेन्द्र मैनाली र अभिनेत्री बेनिशा हमाल रहेका छन् ।

# न्युजिल्यान्ड टुरमा मंगोलियन हार्ट



■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय ब्याण्ड मंगोलियन हार्ट न्यूजिल्याण्ड टूरमा निस्कने भएको छ। सन् १९९२ मा स्थापना भएको यस ब्याण्डले सन् २०२५ को विशेष टूर अन्तर्गत न्यूजिल्याण्डका तीन प्रमुख सहरहरू- क्राइस्टचर्च, अकल्यान्ड र टाउरङ्गामा आफ्ना दर्शक-श्रोतामाझ प्रत्यक्ष सांगीतिक प्रस्तुति दिन लागेको हो । ब्याण्डको न्यूजिल्यान्ड टूर पहिलोपटक भएको बताइएको छ ।

टुरलाई भव्य बनाउन गज्जब तयारी गरिरहेको ब्यान्डका म्यानेजर तथा गितारिस्ट बोबी लामाले बताए । 'हामी नयाँ र पुराना दुवै गीतहरू प्रस्तुत गरेर दर्शकलाई पूर्ण मनोरञ्जन दिने तयारीमा छौं । दर्शकको मायाले नै आज हामीलाई अन्तर्राष्ट्रिय मञ्चसम्म ल्याएको हो,' लामाले भने ।

मंगोलियन हार्टको आठ सदस्यीय टोली यही जुलाई २९ मा काठमाडौंबाट न्यूजिल्याण्डका लागि प्रस्थान गर्नेछ । सांगीतिक यात्राका क्रममा ब्याण्डले आफ्ना सुपरहिट गीतहरूको प्रस्तुति दिनेछ भने नेपाली समुदायलाई एकै ठाउँमा ल्याई सांस्कृतिक उत्सवको रूप दिने लक्ष्य लिइएको छ ।

ब्याण्डको टोली आगामी अगस्ट १५ मा नेपाल फर्किनेछ र त्यसपछि अगस्ट २० मा मिजोरम, उत्तर-पूर्व भारतमा आफ्नो प्रस्तुति दिन जाँदैछ । गायक राजु लामा लिड भोकलिस्ट रहेको यो ब्यान्डमा बोबी लामा रिदम गिटार, भूपेन्द्र बज्राचार्य लिड गिटार, सन्तोष थापा ड्रम, विनय महर्जन बाँसुरी, बाबुराजा महर्जन परकसन (मादल), पवन कपाली बास गिटार र निरेन्द्र रञ्जित साउन्ड इन्जिनियर रहेका छन् ।

# चलचित्र 'जनक्रान्ति' निर्माण हुने

**काठमाडौं (प्रस)–** गणतन्त्र स्थापनाका लागि भएको आन्दोलनको घटनामा आधारित नेपाली कथानक चलचित्र 'जनक्रान्ति' निर्माण हुने भएको छ । शनिबार पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चलचित्रको पहिलो पोस्टर सार्वजनिक गरेका छन् ।

पोस्टर सार्वजनिक पछि बोल्दै प्रचण्डले चलचित्रले युवा पुस्तालाई गणतन्त्र स्थापनाका लागि भएको सघर्ष र गणतन्त्र स्थापना अघिको सामाजिक, राजनैतिक,आर्थिक अवस्थाबारे जानकारी दिन र लिन सहयोगी हुने विश्वास व्यक्त गरे । हिजोको समाजको अवस्थाबारे युवा पुस्तालाई जानकारी दिन आवश्यक रहेको उनको भनाई थियो ।

रुद्राक्ष फिल्मस प्रालिको ब्यानरमा निर्माण हुन लागेको नेपाली कथानक चलचित्र जनक्रान्तिको निर्देशन उपेन्द्र तिमिल्सिनाले गर्नेछन् । भाद्र दोस्रो साता देखी चलचित्रको छायाङ्कन सुरु गरिने निर्माण पक्षले बताएको छ । जनकान्तिको प्रदर्शनको मिति फागुन १ का लागि तय गरिएको निर्माता रुद्रप्रसाद खनालले जानकारी दिए ।

चलचित्रमा गणतन्त्र स्थापनाका लागि भएका विभिन्न आन्दोलनहरूको पृष्ठभूमिको कथा समेटिएको निर्देशक तिमिल्सिनाले बताए । सत्य घटनामा आधारित हुने चलचित्र नयाँ पुस्ताका युवाहरूका लागि नेपालको राजनैतिक घटनाक्रम बुझ्न सहज हुने निर्माण पक्षले बताएको छ । चलचित्रको छायाङ्कन पश्चिम नेपालको रुकुम, रोल्पा, जाजरकोट, जुम्ला, कालिकोट, बाँके, बर्दिया र पूर्वी नेपालको धनकुटा खोटाङ भोजपुर तथा तराई मधेसको सर्लाहीमा गरिने छ ।

रंगशाला

# एनपिएलका लागि ४५८ खेलाडी दर्ता




**काठमाडौं (प्रस)–** नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा संचालन हुन लागेको नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो संस्करणका लागि ४५८ जना नेपाली खेलाडी दर्ता भएका छन् ।

क्यानका अनुसार जुलाई १२ देखि २२ सम्म सञ्चालन गरिएको दर्ता प्रक्रिया यी खेलाडीले आफ्नो नाम दर्ता गराएका हुन् । दर्ता भएका सम्पूर्ण खेलाडीहरूको विवरण ८ फ्रेन्चाईज टोलीहरूलाई उपलब्ध गराइएको क्यानले जनाएको छ ।

अब नेपाल क्रिकेट संघको प्राविधिक समितिले तयार गरेको मापदण्ड तथा फ्रेन्चाईज टोलीहरूले इच्छाएको खेलाडीको प्राथमिक सूचीको आधारमा अक्सनमा सहभागी हुने खेलाडीहरूको अन्तिम नामावली तय गरिनेछ । क्यानले आगामी श्रावण २४ गते (अगस्ट ८, २०२५) खेलाडी मिनी अक्सनको मिति तय गरेको छ । यसअघि सन् २०२२ मा सम्पन्न पहिलो संस्करणपछि यो दोस्रो संस्करणको तयारी हो ।

# एसियाली पारा तेक्वान्दोमा पाँच खेलाडी खेल्ने

**काठमाडौं (प्रस)–** काठमाडौं जिल्ला तेक्वान्दो संघले १० औं एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप (जि ४) मा सहभागी हुने ५ खेलाडीसहित ७ सदस्यीय नेपाली टोलीलाई शनिबार बिदाइ गरेको छ ।

मलेसियाको कुचिङमा हुने प्रतियोगितामा पाँचै नेपाली खेलाडीले साउन १६ गते प्रतिस्पर्धा गर्ने छन् । टोली साउन १३ गते मलेसिया जाने छ । पाँचै खेलाडीले के-४४ क्याटगोरीअन्तर्गत विभिन्न तौलसमूहमा नेपालको चुनौती प्रस्तुत गर्ने छन् ।

पुरुष ५८ केजीमुनि ओलम्पियन भरतसिंह महता तथा ६३ केजीमुनि अमिर भ्लोनले प्रतिस्पर्धा गर्ने छन् । महिला ५७ केजीमुनि पेरिस पारालिम्पिक तथा चौथो एसियाली पारा खेलकुदकी ऐतिहासिक कांस्य विजेता पलेशा गोबर्धन तथा ४७ केजीमुनि कामना प्रसाईं र रेणु तामाङले खेल्ने छन् ।

चीनको सांघाईमा अध्ययन गरिरहेकी पलेशा त्यत्तैबाट मलेसिया जाने छिन् । पारा तेक्वान्दोका सफल प्रशिक्षक कविराज नेगी लामा यो प्रतियोगितामा पनि प्रशिक्षकको भूमिकामा छन् । व्यवस्थापकमा रामचन्द्र श्रेष्ठ रहेका छन् ।

प्रशिक्षक लामाले वरीयता सुधार गर्न प्रतियोगता महत्वपूर्ण भएको बताए । नेपालले सुरुको संस्करणदेखि निरन्तर प्रतियोगितामा सहभागिता जनाउदै आएको छ ।

हालसम्म नेपालले १ रजत र ५ गरी ६ पदक जितेको प्रशिक्षक लामाले जनाएका छन् । रञ्जना धामीले रजत र कांस्य जितेकी छन् । पलेशा, अरुण शाक्य, सीता भण्डारी र रोहितहाङ राईले कांस्य प्राप्त गरेका छन् ।

# बेंगलुरुको चिन्नास्वामी स्टेडियम आइपिएल खेलाउन प्रतिबन्ध



■ प्रभाव संवाददाता

**बैंग्लरु–** इन्डियन प्रिमियर लिग (आईपीएल) २०२६ मा बेंगलुरुको चिन्नास्वामी स्टेडियममा अब कुनै खेलहरू खेलिने छैनन् ।

बेंगलुरु भागदौड घटना छानबिन आयोगले यस स्टेडियममा ठूला कार्यक्रमहरू गर्न प्रतिबन्ध लगाउन सिफारिस गरेको हो ।

यो निर्णयसँगै रोयल च्यालेन्जर्स बैंगलोर (आरसीबी) लाई ठूलो झट्का लागेको छ। तर, यस विषयमा अहिलेसम्म कुनै आधिकारिक पुष्टि भएको छैन । यससँगै कर्नाटक सरकारले अब बेंगलुरु भागदौड मामिलामा आरसीबीमाथि मुद्दा चलाउन अनुमति दिएको छ ।

सरकारको यो निर्णय छानबिन आयोगको प्रतिवेदनमा आएको हो, जसमा आरसीबी र कर्नाटक राज्य क्रिकेट संघ ९केएससीए० लाई घटनाका लागि दोषी ठहर गरिएको थियो। आरसीबीसँगै केएससीए विरुद्ध मुद्दा चलाउन पनि स्वीकृति दिइएको छ ।



संयुक्त राज्य अमेरिकाको म्यासाचुसेट्सको रेभरमा रहेको रेभर बिच अन्तर्राष्ट्रिय बालुवा मूर्तिकला महोत्सवमा काम गर्दै एक कलाकार ।
*तस्बिरः सिन्ह्वा*

# सुडानमा १३ लाखभन्दा बढी मानिस आफ्नो घर फर्किएः राष्ट्रसंघ

**जिनेभा–** संयुक्त राष्ट्रसंघले दिएको जानकारीअनुसार सुडानमा जारी द्वन्द्वका कारण विस्थापित भएका १३ लाखभन्दा बढी नागरिक हालसम्म पुनः आफ्ना घर फर्किएको पुष्टि गरिएको छ । उनीहरूको पुनर्स्थापना र जीवन पुनर्निर्माणका लागि राष्ट्रसंघले अन्तर्राष्ट्रिय समुदायलाई आवश्यक सहयोगको अपिल गरेको छ ।

संयुक्त राष्ट्रसंघअन्तर्गत आप्रवासन, शरणार्थी तथा विकाससम्बन्धी निकायहरूले संयुक्तरूपमा वक्तव्य जारी गर्दै हालसम्म १० लाखभन्दा बढी आन्तरिकरूपमा विस्थापित व्यक्ति सुडानभित्रै आफ्ना घर फर्किएको र थप करिब तीन लाख २० हजार व्यक्ति छिमेकी मुलुक इजिप्ट र दक्षिण सुडानबाट स्वदेश फर्किएको जानकारी दिएका छन् ।

हाल केही स्थानहरूमा द्वन्द्वको प्रभाव कम भए पनि समग्र अवस्था अझै पनि अति संवेदनशील रहेको राष्ट्रसंघले उल्लेख गरेको छ । सन् २०२३ सालको अप्रिलदेखि सुडानमा सेना प्रमुख अब्देल फत्ताह अल बुर्हान र प्रतिद्वन्द्वी अर्धसैनिक समूहका कमाण्डर मोहम्मद हम्दान डाग्लोबीचको सत्ताका लागि संघर्षले देशलाई गम्भीर मानवीय संकटमा पारेको छ । यस हिंसात्मक द्वन्द्वका कारण हजारौं नागरिकले ज्यान गुमाएका छन् भने लाखौं विस्थापित भएका छन् ।




राष्ट्रसंघका अनुसार घर फर्किने व्यक्तिहरूमध्ये सबैभन्दा धेरै अल-जजिरा राज्यतर्फ गएका छन्, जुन खार्तुमको दक्षिणपूर्वमा अवस्थित छ । केही व्यक्तिहरू राजधानी खार्तुम र सन्नार राज्यतर्फ पनि फर्किएका छन् ।

संयुक्त राष्ट्रसंघको आप्रवासन निकायका क्षेत्रीय निर्देशक उस्मान बेलबेइसीले जिनेभामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै भने, 'सुडान हाल विश्वकै सबैभन्दा ठूलो मानवीय संकटको सामना गरिरहेको मुलुक हो, तर यो अवस्था अन्तर्राष्ट्रिय दृष्टिमा अत्यन्तै उपेक्षित भइरहेको छ ।'

उनले लडाइँमा संलग्न सबै पक्षलाई तत्काल हिंसा रोक्न र वार्ताको माध्यमबाट समाधान खोज्न अपिल गरे । 'यो गृहयुद्धले करोडौं निर्दोष नागरिकको जीवन अत्यन्त पीडादायक बनाएको छ । सुडान अहिले बाँचुन्जेलको दुःस्वप्न बनेको छ,' उनले भने ।

संयुक्त राष्ट्रसंघले पुनर्निर्माण, आधारभूत सेवा पुनर्स्थापना र दीर्घकालीन शान्तिका लागि विश्व समुदायबाट तत्कालिक तथा पर्याप्त सहयोग आवश्यक रहेको स्पष्ट पारेको छ । *रासस/एएफपी*

# गाजाका झण्डै एकतिहाइ जनसंख्या भोकमरीमा

**रोम–** युद्धले तहसनहस बनाएको गाजामा झण्डै एकतिहाइ जनसंख्या धेरै दिनसम्म केही नखाई भोकै बस्न बाध्य भएको संयुक्त राष्ट्रसंघको खाद्य सहायता निकायले शुक्रबार जनाएको छ । उक्त निकायले गाजाको अवस्था 'अझै डरलाग्दो र चिन्ताजनक स्तरको' भएको चेतावनी दिएको छ ।

संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) ले यसअघि नै गाजामा भोकमरीको गम्भीर खतरा रहेको उल्लेख गरिसकेको थियो । इजरायलको कारबाहीको विश्वभर तीव्र आलोचना भइरहेका बेला गाजामा अत्यावश्यक राहत सामग्री पुग्न नपाउँदा अवस्था भयावह भएको हो ।

डब्ल्युएफपीको विज्ञप्तिमा भनिएको छ, 'तीन जनामध्ये झण्डै एक जना मानिसले धेरै दिनदेखि केही पनि खान पाएका छैनन् । कुपोषण तीव्ररूपमा बढिरहेको छ, जसअनुसार झण्डै ९० हजार महिला र बालबालिका तुरुन्तै उपचारको खाँचोमा छन् ।'

संस्थाले अझ भन्यो, 'यो वर्षको मेदेखि सेप्टेम्बरसम्म करिब चार लाख ७० हजार मानिस चरम भोकमरीको अवस्थामा पुग्ने अनुमान गरिएको छ, जुन खाद्यसुरक्षाको



सबैभन्दा डरलाग्दो स्तर हो । अत्यधिक महँगो भएका कारण बजारबाट खानपिन खरिद गर्न सकिने अवस्था छैन । मानिसहरूले राहतबाट प्राप्त हुने खानेकुरामा मात्र भर पर्नुपर्ने अवस्था छ ।'

मानवीय सहायता अभावकै कारण मानिसहरू ज्यान गुमाइरहेका विज्ञप्तिमा भनिएको छ । इजरायलले गएको मार्च महिनादेखि गाजामा राहत सामग्री प्रवेशमा रोक लगाएको छ, जसका कारण बालबालिकामा कुपोषणको अवस्था झनै गम्भीर बन्दै गएको विभिन्न राहत संस्थाहरूले चेतावनी दिइरहेका छन् । *रासस/एएफपी*

# रूस-युक्रेन आक्रमणमा तीन जनाको मृत्यु

**किभ, युक्रेन–** युक्रेनका विभिन्न क्षेत्रमा रूसले रातभर आक्रमण गरेको युक्रेनी अधिकारीहरूले जनाएका छन् । डिनप्रो सहरमा एक उच्चतला आवासीय भवनमा भएको आक्रमणमा एक व्यक्तिको ज्यान गएको डिनप्रोका मेयर बोरिस फिलाटोभले जानकारी दिए ।

अर्कोतर्फ, रूसको रोस्तोभ क्षेत्रमा युक्रेनी ड्रोन आक्रमणपछि एक सवारीसाधनमा आगलागी हुँदा दुई जनाको मृत्यु भएको त्यहाँका कार्यवाहक गभर्नर युरी स्लियुसरले पुष्टि गरे । डिनप्रो, खार्किभ र जापोरिज्जियालगायतका सहरहरूमा रूसी हमला भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।
मेयर फिलाटोभले नागरिकहरूलाई सुरक्षित स्थानमा बस्न अनुरोध गर्दै भने, 'म बुझ्छु कि सबै ठाउँमा आश्रयस्थल उपलब्ध छैन, तर गोलाबारीको बेला माथिल्लो तल्लामा बस्नु उचित हुँदैन, विशेषतः जब भूमिगत पार्किङजस्ता सुरक्षित स्थानहरू नजिकै छन् ।'

खार्किभका मेयर इगोर तेरेखोभका अनुसार सहरमा करिब तीन घण्टा लगातार आक्रमण भएको थियो, जसमा निर्देशित बम, बलिस्टिक क्षेप्यास्त्र र कामिकाजे ड्रोन प्रयोग गरिएको थियो । जापोरिज्जियाका गभर्नर इभान फेदोरोभले रूसी ड्रोन आक्रमणका कारण आगलागी भएको र एक आवासीय भवन र एक कृषि गोदाममा क्षति पुगेको जानकारी दिए ।

यसैबीच, युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युद्ध अन्त्यका लागि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग वार्ताको प्रस्ताव राख्दै आगामी अगस्ट महिनाको अन्त्यसम्म भेटवार्ता हुनुपर्ने बताए । तर, क्रेमलिनले यस प्रस्तावलाई तत्काल सम्भव नरहेको जनाएको छ । दुवै देशबीच वार्ताका सर्तहरूमा गहिरो मतभेद रहेका छन् । युक्रेनले रूसमाथि निर्णय क्षमताविहीन प्रतिनिधिमात्र पठाएको आरोप लगाउँदै आएको छ भने रूसले युक्रेनलाई आफूले कब्जा गरेको चारवटा क्षेत्र छोड्न आग्रह गरेको छ, जुन युक्रेनले अस्वीकार्य बताउँदै आएको छ ।

युक्रेनले अन्तर्राष्ट्रिय सहयोगका लागि आफ्ना पश्चिमी सहयोगी राष्ट्रहरूलाई थप हतियार र सुरक्षा सामग्री उपलब्ध गराउन आह्वान गरिरहेको छ, ताकि दैनिक भइरहेका रूसी आक्रमणहरूको सामना गर्न सकियोस् । *रासस/एएफपी*

# लिबियाको त्रिपोली क्षेत्रबाट १५०० आप्रवासी कामदार पक्राउ

**त्रिपोली–** लिबियाली अधिकारीहरूले राजधानी त्रिपोलीको पूर्वमा रहेको एक वस्तीमा छापा मारी शनिबार करिब एक हजार ५०० कागजातविहीन आप्रवासी कामदारहरूलाई पक्राउ गरेका छन् । 'शनिबारको अनुगमनमा कागजातविहीन विदेशी कामदार बस्ने घरहरू फेला परेका छन् । विभिन्न देशका यी कामदारहरूसँग आवासीय अनुमति, आधिकारिक राहदानी र स्वास्थ्यसम्बन्धी कुनै रेकर्ड थिएन,' उनले भने ।

लिबियामा सन् २०११ मा नेटो समर्थित विद्रोहमा लामो समयदेखि सत्तामा रहेका मोआमेर कद्दाफीलाई सत्ताच्युत गरी हत्या गरिएपछि लिबिया द्वन्द्वको चपेटामा परेको छ । त्रिपोलीस्थित प्रधानमन्त्री अब्देल हामिद देबेइबाको सरकार र पूर्वमा रहेको प्रतिद्वन्द्वी प्रशासनबीच देश विभाजित छ । इटालीबाट करिब ३०० किलोमिटर टाढा रहेको लिबिया समुद्रमा आफ्नो ज्यानको जोखिम मोलेर युरोप पुग्ने हजारौं आप्रवासीका लागि प्रमुख 'सुरुआत विन्दु' बनेको छ ।

त्रिपोलीको पूर्वतिर लक्षित उक्त क्षेत्रमा अग्ला पर्खाल र ठूलो ढोकाले घेरिएको अस्थायी शिविरहरू रहेका छन् । अधिकांश इजिप्ट र उपसहारा अफ्रिकी मुलुकका सयौं आप्रवासीहरू त्यहाँ बसोबास गर्ने गरेको पाइएको अधिकारीहरूले बताएका छन् । भवन परिसरभित्र एउटा सानो किराना पसल, एउटा मासु पसल र तरकारी बिक्रेताहरू समेत रहेका देखिन्थ्यो ।

लिबियाली श्रममन्त्रीले भने, 'उक्त स्थानमा 'अनियमित आवास भेटिएको छ । त्यहाँ स्वास्थ्य र कार्यस्थल सुरक्षाका लागि आधारभूत आवश्यकताहरू पूरा गर्न असम्भव हुन्छ ।'

'पक्राउ परेका आप्रवासी कामदारलाई 'गैरकानुनी आप्रवासी नियन्त्रण अधिकारी'ले सञ्चालन गरेको शिविरमा स्थानान्तरण गरिने छ र उनीहरूविरुद्ध राष्ट्रिय नियमअनुसार कानुनी कारबाही अघि बढाइने छ,' आबेदले भने ।

ती आप्रवासीलाई तत्काल देश निकाला गर्ने वा नगर्ने भन्ने स्पष्ट भइसकेको छैन । यसै महिनाको सुरुमा ग्रीस, इटाली र माल्टाका एक आयुक्त र मन्त्रीहरू उत्तर अफ्रिकी देशबाट अनियमित आप्रवासनबारे छलफल गर्न लिबिया पुगेका थिए ।

इटालियाली तटमा पुग्नुअघि अन्तर्राष्ट्रिय जलक्षेत्रमासमेत लिबियाली अधिकारीहरूले रोकेका आप्रवासीहरूलाईजबर्जस्तीलिबिया फर्काइएको छ र संयुक्त राष्ट्रसंघले बारम्बार निन्दा गर्ने कठोर परिस्थितिमा हिरासतमा राखिएको छ । *रासस/एएफपी*

# फ्रान्सको एकल निर्णय, बहुपक्षीय प्रभावः के बदलिन्छ विश्व राजनीति ?

**पेरिस–** फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोँले आगामी सेप्टेम्बर महिनामा फ्रान्सले औपचारिकरूपमा प्यालेस्टिनी राज्यलाई मान्यता दिने घोषणा गरेका छन् । विश्लेषकहरूका अनुसार यो निर्णयले अन्य राष्ट्रहरूलाई पनि समान कदम चाल्न प्रोत्साहित गर्ने आशा गरिएको छ ।

यो घोषणासँगै आगामी हप्ता न्युयोर्कमा इजरायल-प्यालेस्टिनी द्वन्द्व समाधानका लागि प्रस्तावित द्विराष्ट्र अवधारणामाथि अन्तर्राष्ट्रिय छलफल हुँदै छ, जसपछिको उच्चस्तरीय सम्मेलन फ्रान्सको सहआयोजनामा संयुक्त राष्ट्रसंघको महासभाअघि आयोजना हुने छ ।

अहिले निर्णय लिनुको कारण के हो ? हाल गाजा क्षेत्रमा जारी द्वन्द्वले गम्भीर मानवीय संकट निम्त्याएको छ । युद्धका कारण लाखौं निर्दोष नागरिकहरू प्रतिकूल परिस्थितिको सामना गरिरहेका छन् । यसै सन्दर्भमा राष्ट्रपति म्याक्रोँको निर्णय आएको हो, जसले वर्तमान परिस्थितिको गम्भीरतालाई संकेत गर्छ ।

फ्रान्सका पूर्वइजरायली राजदूत जेरार्ड अरोडका अनुसार मानवीय अवस्थाको गहिरो चिन्ताले राष्ट्रपतिको यो पहललाई प्रभावित पारेको हुन सक्छ । यसका साथै, फ्रान्समा विविध धार्मिक र सांस्कृतिक समुदायहरूको सहअस्तित्वलाई मध्यनजर राख्दै, राजनीतिक सन्तुलन र सामाजिक समावेशिताको भावना पनि यस निर्णयमा महत्त्वपूर्ण रहेको देखिन्छ ।

## फ्रान्सको दीर्घकालीन दृष्टिकोण

फ्रान्सले सधैं इजरायल र प्यालेस्टिनी जनताको समान अधिकार, स्वतन्त्रता र शान्तिपूर्ण सहअस्तित्वका लागि द्विराष्ट्र समाधानको समर्थन



गर्दै आएको छ । राष्ट्रपति म्याक्रोँको प्रारम्भिक सोचअनुसार, फ्रान्सले अन्य राष्ट्र विशेषगरी साउदी अरेबियाजस्ता प्रभावशाली खाडी मुलुकहरूसँग मिलेर सामूहिकरूपमा मान्यता दिने विचार राखेका थिए । तर हालको अन्तर्राष्ट्रिय परिस्थितिमा त्यो सम्भव नदेखिएपछि फ्रान्सले अग्रसरता लिएको हो ।

फ्रेञ्च इन्स्टिच्युट अफ इन्टरनेसनल रिलेसन्सकी विश्लेषक डा. एमेली फेरेका अनुसार यो घोषणाले आगामी सेप्टेम्बरमा संयुक्त राष्ट्र महासभामा बहुपक्षीय समर्थन जुटाउने उद्देश्य राखेको छ ।

## अन्य राष्ट्रहरूको सम्भावित सहभागिता

हालसालै फ्रान्स, बेलायत र क्यानडाले गाजा युद्धको शीघ्र अन्त्यको माग गर्दै संयुक्त वक्तव्य जारी गरेका थिए । विश्लेषकहरूका अनुसार, यी मुलुकहरूले पनि फ्रान्सको कदमसँग सहमति जनाउने सम्भावना छ ।

बेलायतका प्रधानमन्त्री कीर स्टारमर आफ्नो दलभित्रबाट यसबारे सुझाव प्राप्त गरिरहेका छन् । यद्यपि, अमेरिकासँगको कूटनीतिक समन्वय र व्यापारिक विषयहरूलाई ध्यानमा राख्दै, बेलायतले तत्काल कदम चाल्ने वा नचाल्ने भन्ने विषयमा संवेदनशीलता अपनाएको देखिन्छ ।

## साउदी अरेबियासँग सहकार्यको उद्देश्य

फ्रान्सले युद्ध अन्त्य गराउने प्रत्यक्ष भूमिका नभएता पनि युद्धपछिको स्थायित्व र शान्ति सुनिश्चित गर्न साउदी अरेबियासँग सहकार्यको नीति लिएको छ । युरोपेली काउन्सिल अन फरेन रिलेसन्सकी वरिष्ठ विश्लेषक क्यामिली लोंसका अनुसार दुई राष्ट्रहरूबीच एउटा 'शान्तिपूर्ण संक्रमण योजना' को तयारी भइरहेको छ । सो योजनामा हमासको सशस्त्र संरचनालाई व्यवस्थापन गर्ने, सन् २०२६ मा स्वतन्त्र चुनाव गराउने, नयाँ कानुनी संरचना बनाउने तथा एक प्राविधिक सरकार गठन गर्ने प्रस्तावहरू समावेश छन् ।

साथै, सम्भावितरूपमा संयुक्त राष्ट्र शान्ति मिसनको पनि विचार गरिएको छ, जसमा छिमेकी राष्ट्रहरूको सहभागिता रहने सम्भावना छ ।

## व्यवहारिक चुनौती

यद्यपि, प्रस्तावित योजनाहरू प्रशंसनीय उद्देश्यले निर्देशित छन् । यिनीहरूको व्यावहारिकता र कार्यान्वयनमा विभिन्न चुनौतीहरू छन् । डा..फेरेका अनुसार हालको इजरायली सरकार द्विराष्ट्र अवधारणासँग सहमत देखिँदैन । गाजामा लामो समयदेखि जारी द्वन्द्व र वेस्ट बैंकमा इजरायली बस्तीहरूको विस्तारले उक्त क्षेत्रको भू-राजनीतिक अवस्थालाई थप जटिल बनाएको छ । साथै, प्यालेस्टिनी राज्यको सीमामा अहिले पनि लाखौं इजरायली नागरिकहरू बसोबास गरिरहेका छन् । विश्लेषक डेभिड खाल्फाले भनेअनुसार साउदी अरेबियाले हालसालैसम्म इजरायलसँग कूटनीतिक सम्बन्ध विस्तार गर्ने सम्भावना नराखेको संकेत दिएको छ । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९७६०० | प्रति तोला – ० | प्रति तोला – २३२५ |



फोटो खिचिक्क.. | विश्वसम्पदा सूचीमा सूचीकृत स्वयम्भू महाचैत्यको शनिबार तस्बिर कैद गर्दै विदेशी पर्यटक ।

*तस्बिरः प्रदीपराज वन्त/रासस*

## डिडिसीले मंसिरदेखि रोक्यो दूधको भुक्तानी

■ प्रभाव संवाददाता

**दोधारा चाँदनी –** दुग्ध विकास संस्थान (डिडिसी) ले किसानको दूधको पैसा भुक्तानी गर्न सकेको छैन । कञ्चनपुरका सातवटा सहकारी र ३४ वटा कृषि फार्मको ६ करोड भुक्तानी गर्न बाँकी छ । संस्थानले गत मङ्सिरदेखि संकलन भएको दूधको भुक्तानी गर्न नसकेको हो ।

संस्थानले समयमा भुक्तानी गर्न नसक्दा आफूहरू मर्कामा परेको साथी कृषि सहकारी संस्थाका अध्यक्ष कृष्णदत्त पनेरुले जानकारी दिए । 'हामीले डिडिसीबाट मङ्सिरयताको रु ६० लाख रकम पाउनुपर्ने बाँकी छ ।' उनले भने, 'डिडिसीले सहकारीलाई भुक्तानी गर्न नसकेपछि हामीले पनि किसानलाई समयमा भुक्तानी गर्न सकेका छैनौं ।'

उनका अनुसार साथी सहकारीले महिनाको पाँच हजार लिटर दूध दुग्ध विकास संस्थानलाई दिँदै आएको छ । संस्थानले दूधको पैसा भुक्तानी नगर्दा दूध उत्पादक किसानलाई दूधको पैसा दिन आफूहरूलाई समस्या भएको उनको भनाइ छ । 'हाम्रो सहकारीले दैनिक एक हजार ५०० सम्म किसानबाट दूध संकलन गर्छ । पनेरुले भने, 'महिनामा स्थानीय बजारमा तीन हजार लिटरसम्म खपत हुन्छ बाँकी दुग्ध विकास संस्थानलाई दिन्छौं ।'

त्यसैगरी, यहाँको साना किसान सहकारीले पनि संस्थानबाट दूधको भुक्तानी पाएको छैन । सहकारीका अध्यक्ष खगेश्वर पाण्डेलले संस्थानबाट मङ्सिरयता २९ लाख ५० हजार भुक्तानी पाउनुपर्ने रकम बाँकी रहेको बताए । 'हामीले प्रत्येक महिना किसानलाई दूधको पैसा तिर्नुपर्छ संस्थानले समयमा हामीलाई भुक्तानी गर्दैन,' उनले भने, 'समयमा भुक्तानी नहुँदा हामी समस्यामा परेका छौं सहकारीमा बचत गरेको पैसाबाट दूध किसानको पैसा भुक्तानी गर्नुपर्ने बाध्यता छ ।'

डिडिसी धनगढी दुग्ध वितरण आयोजनाका प्रमुख निरञ्जन भट्टराईले कञ्चनपुरका सातवटा सहकारी र ३४ वटा फार्मको छ करोड रकम भुक्तानी गर्न बाँकी रहेको जानकारी दिए । 'कात्तिकदेखि चैतसम्म बढी दूध संकलन हुने भएकाले भुक्तानीमा ढिलाइ भएको हो,' उनले भने, 'बाँकी रहेको छ करोड छिट्टै भुक्तानी हुन्छ, तीन करोड ३७ लाख गत महिनामा भुक्तानी गरिसकेका छौं ।' उनले कञ्चनपुरबाट महिनामा दुई हजार ५०० देखि चार हजार लिटरसम्म दूध संकलन हुने गरेको बताए ।

## तल्लो सोलु जलविद्युत्‌को उत्पादन राष्ट्रिय प्रसारणमा


■ प्रभाव संवाददाता

**सोलुखुम्बु–** हिमाली जिल्ला सोलुखुम्बुस्थित ८२ मेगावाट क्षमताको तल्लो सोलु जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारणमा आबद्ध भएको छ । जिल्लाको सोलुखोलामा निर्माणसम्पन्न उक्त आयोजनाको सोलु करिडोरको १३२ केभी डबल सर्किट प्रसारण लाइनमार्फत तिङ्ला सबस्टेसन हुँदै राष्ट्रिय ग्रिडमा जोडिएको हो ।

निजी लगानीमा निर्माण भएको यो आयोजना उत्पादन र प्रवाहको दृष्टिले एक महत्वपूर्ण काशेढुङ्गा बनेको छ । सोलु हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित उक्त आयोजनाले गत साउन ४ गतेदेखि पहिलो युनिटको विद्युत् उत्पादन सुरु गरी परीक्षणसहित ग्रिडमा जोडिएको आयोजनाका सहायक प्रबन्धक कृष्णबहादुर चौधरीले जानकारी दिए । उनका अनुसार सोलुदूधकुण्ड नगरपालिका-७ र ११ को सिमानामा पर्ने साल्मेमा बाँध निर्माण गरी, करिब छ किलोमिटर तल तिङ्लाको भदौरेस्थित भूमिगत पावरहाउसमा पानी झारेर विद्युत् उत्पादन गरिएको हो ।

पाँच किलोमिटर लामो सुरुङमार्ग निर्माण गरी खोलाको बहावलाई नियन्त्रण गर्दै ऊर्जा उत्पादन गर्ने संरचना निर्माण गरिएको छ । सहायक प्रबन्धक चौधरीले भने, '४१/४१ मेगावाट क्षमताका दुईवटा पेल्टन टरबाइन जडान गरिएको छ । दुवै युनिटको ग्रिडमा सफल परीक्षण सम्पन्न भइसकेको छ । अब नेपाल विद्युत् प्राधिकरणले आगामी १५ दिनसम्म उत्पादन परीक्षण गर्नेछ ।' परीक्षणपछि विद्युत् प्राधिकरणको स्वीकृति प्राप्त गरेपछि आयोजनाले व्यावसायिक रूपमा नियमित विद्युत् प्रवाह सुरु गर्ने जनाइएको छ ।

सन् २०१६ मा सुरु गरिएको यस विद्युत् निर्माणको सुरुआतदेखि नै आयोजनालाई भौगोलिक कठिनाइ, प्राविधिक जटिलता र जलवायुजन्य अवरोध आएको थियो । निर्माण अन्तिम चरणमा पुगेका बेला, पहिरोले पेनस्टकसहितको संरचनामा ठूलो क्षति पुर्‍याएको थियो । जसका कारण सबै संरचना पुनः निर्माण गर्नु परेको आयोजना सहायक प्रबन्धक चौधरीले बताए । यो फेरबदलले लागतमा केही वृद्धि गरेको भए पनि दीर्घकालीन टिकाउपनामा फाइदा पुग्ने अपेक्षा गरिएको छ ।



एफएमओसहितका विभिन्न युरोपियन बैंकहरूको रु १६ अर्ब लगानीमा निर्माण भएको यो आयोजना, निजी क्षेत्र र अन्तरराष्ट्रिय सहकार्यको नमूना बन्न पुगेको छ । यति ठूलो परिमाणको लगानी, जोखिम व्यवस्थापन तथा समयभन्दा अगावै निर्माणसम्पन्न हुनु आफैंमा एक सकारात्मक भएको आयोजनाका जानकारहरू बताउँछन् । निर्माण कम्पनीले आयोजनालाई सेप्टेम्बर २०२५ भित्र सम्पन्न गर्ने लक्ष्य राखेको भए पनि निर्माण कार्य दुई महिनाअघि नै सम्पन्न गरी विद्युत् उत्पादन प्रारम्भ गरेको बताइएको छ । यस तल्लो सोलु आयोजनाबाट हिउँदमा न्यूनतम २३ मेगावाट र वर्षायाममा अधिकतम ८२ मेगावाट विद्युत् उत्पादन हुने लक्ष्य राखिएको छ ।

उत्पादन भएको विद्युत् १३२ केभी डबल सर्किट प्रसारण लाइनमार्फत तिङ्ला सबस्टेसन हुँदै राष्ट्रिय ग्रिडमा प्रवाह भइरहेको छ । यो आयोजना सरकारको 'सुपर सिक्स' परियोजनाको हिस्सा हो, जसअन्तर्गत निजी लगानीमा निर्माण भइरहेका ६ वटा प्रमुख जलविद्युत् आयोजना समावेश छन् । नेपालमा निजी क्षेत्रबाट अहिलेसम्म निर्माण भएको सबैभन्दा ठूलो आयोजना भने ८६ मेगावाटको सोलु दूधकोशी हो । जुन यसअघि नै सञ्चालनमा आइसकेको छ । तल्लो सोलु आयोजनाले निजी लगानीको दोस्रो ठूलो जलविद्युत् आयोजना हो ।

विद्युत् उत्पादनसँगै यस आयोजनाले सोलुखुम्बु जिल्लामा रोजगार, पूर्वाधार, व्यावसायिक गतिशीलता र आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान दिएको छ । सुरुङ खन्नेदेखि पेनस्टक राख्ने, टरबाइन जडानदेखि पावर हाउस सञ्चालनसम्म दर्जनौं स्थानीय युवा प्राविधिक र अप्राविधिक क्षेत्रमा संलग्न भएका थिए । स्थानीय जनप्रतिनिधिहरूले यो आयोजना सोलुखुम्बुको समृद्धिको मूल आधार बन्ने विश्वास व्यक्त गर्दै आएका छन् । विद्युत् उत्पादनसँगै पर्यटन, उद्योग, सेवा र पूर्वाधार विकासमा थप गति आउने अपेक्षा गरिएको छ ।

## ऊर्जा दक्षतायुक्त घर बनाउन जोड

**नारायणगढ–** बढ्दो सहरीकरण र घाम बढी पर्ने क्षेत्रको अवस्थालाई ध्यानमा राखेर सौर्य ऊर्जा प्रयोग र ऊर्जा दक्ष घर निर्माणलाई प्राथमिकता दिनुपर्ने सरोकारवालाले बताएका छन् ।

ऊर्जा उत्पादनभन्दा ऊर्जा बचत तुलनात्मक रूपमा सस्तो र प्रभावकारी हुने भएकाले यसले हरितगृह ग्यास उत्सर्जन घटाउन र वातावरणमैत्री दिगो विकासमा टेवा पुर्‍याउने अपेक्षा गरिएको छ । युरोपियन युनियनअन्तर्गत सञ्चालनमा रहेको स्विच एसिया कार्यक्रममा बिल्डिङ इनर्जी इफिसेन्सी इन नेपाल (बिइएन)द्वारा भरतपुर महानगरपालिकाका प्राविधिक तथा यस क्षेत्रका इञ्जिनियरहरूको लागि आयोजना गरिएको अभिमुखीकरण तथा तालिम कार्यक्रममा सरोकारवालाले बताएका छन् ।

भरतपुर महानगर कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले वातावरण र ऊर्जामैत्री घर निर्माण गरी बढ्दो हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्नुपर्नेमा जोड दिए । उनले घर वा भवन निर्माण गर्दा स्थानीय हावापानीअनुसार बनाउनुपर्ने बताए । भरतपुरमा समेत त्यसका लागि पूर्वाधार तयार भएको उल्लेख गर्दै उनले विकासका कामहरू वातावरणीय प्रभाव नगरी गर्नुपर्नेमा जोड दिए । प्राकृतिक स्रोत र सम्पदालाई ध्यानमा राखेर विकास तथा भौतिक संरचना निर्माण गर्नुपर्ने उनले बताए ।

भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले पहिलेजस्तो ठूलो क्षेत्रफलमा घर बनाउने क्रम घटेको र अहिले साना क्षेत्रफलमा घर बनाउँदा वातावरणीय प्रभावले स्वास्थ्यमा असर पुर्‍याउने खालका घरहरू बन्न थालेको बताए । उनले तीव्र सहरीकरण र आधुनिक जीवनशैलीका कारण घरभित्र तताउने वा चिस्याउने उपकरणहरूको स्थानीय ऊर्जा खपत बढिरहेकाले यो विषयमा महानगरले ध्यान दिनुपर्ने अवस्था आएको जानकारी दिए । उनले घर बनाउँदा बलियो मात्र होइन, ऊर्जा दक्ष घर कसरी बनाउने र स्वच्छ ऊर्जा प्रयोग कसरी बढाउने भन्ने चेतना प्राविधिकहरूले घरवासीहरूमा जगाउनुपर्ने पनि बताए ।

भरतपुर महानगर पूर्वाधार महाशाखा प्रमुख सन्तोष आचार्यले वातावरणमैत्री तथा ऊर्जा प्रभावकारी भवन निर्माणका लागि मापदण्ड बनाएर महानगर अघि बढेको जानकारी दिए । भरतपुर महानगरपालिकाले ऊर्जा प्रभावकारी भवन निर्माण कार्यविधि २०८२ स्वीकृत गरेको र बिइएनसँग सम्झौता भइसकेको जानकारी पनि दिए । महानगरको दिगो आवास भवन निर्माणका लागि ऊर्जा कुशल प्रविधि र अभ्यासहरू अवलम्बन गर्ने योजना रहेको उनले बताए ।

एसोसिएसन अफ कन्सल्टिङ इञ्जिनियर्स भरतपुरका अध्यक्ष इ विष्णु अधिकारीले बिइएन परियोजनाले सिक्ने र सिकाउने अवसर प्रदान गरेको उल्लेख गर्दै भवन तथा अन्य पूर्वाधारको डिजाइन गर्दा ऊर्जा दक्षता र वातावरणमैत्री मापदण्ड अवलम्बन गर्ने प्रतिबद्धता जनाए ।

बिइएनकी परियोजना आर्किटेक्ट संगीता थापा मगरले ऊर्जा दक्ष तथा नवीकरणीय ऊर्जा प्रयोग जडित भवन भनेको कम ऊर्जा प्रयोग गरी उच्च कार्यसम्पादन हासिल गर्ने प्रविधि भएको जानकारी दिए । जलवायु परिवर्तन न्यूनीकरण र दिगो विकासका लक्ष्य पूरा गर्न सहरलाई दिगो र ऊर्जा दक्ष बनाउनु अत्यावश्यक रहेको उनको भनाइ थियो । उनले युरोपियन युनियनको सहयोगमा सञ्चालित बिइएन परियोजनाले नेपालका ७० वटा स्थानीय तहसँग समन्वय गरी ३४ स्थानमा नीति रूपमा कार्यान्वयन भइसकेको जानकारी दिए । उनका अनुसार भरतपुर महानगरपालिकाले पनि यसलाई नीतिगत रूपमा अवलम्बन गरिसकेको र प्राविधिकहरूलाई दक्ष बनाउँदै जलवायुमैत्री भवनहरूको डिजाइन, निर्माण र जीर्णोद्धारलाई प्रोत्साहन गरी दिगो निर्माण अभ्यासलाई अघि बढाउने छ ।

ऊर्जा मैत्री भवन स्वास्थ्यका हिसाबले पनि राम्रो हुने उहाँको भनाइ थियो । घर निर्माण, सञ्चालन र मर्मतसम्भारमा व्यापक ऊर्जा प्रयोग हुने भएकाले घरमा प्रयोग भएको ऊर्जा परिमाणलाई विकसित समाजको मापकका रूपमा हेरिने उल्लेख गरे । स्थानीय जलवायु अवस्थालाई ध्यानमा राखेर घर निर्माण गर्नुपर्ने हुँदा यसले आरामदायी, निरोगी र कम खर्चिलो आवास दिने परियोजना आर्किटेक्ट मगरले बताए । तालिममार्फत यहाँका इञ्जिनियरहरूलाई नयाँ प्रविधि र मापदण्डबारे जानकारी गराइएको कार्यक्रमका फोकल पर्सन गेहेन्द्र आचार्यले जानकारी दिए । यसअन्तर्गत तीन दिनसम्म भरतपुरका विभिन्न घर, भवन र पूर्वाधारमा काम गर्ने ६० जना प्राविधिकलाई अभिमुखीकरण र तालिम दिइने उनले बताए । *रासस*

युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किनः
- नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ्य, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्यप्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ